प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २२४ | काठमाडौं | बिहीबार, २८ मंसिर २०८० | Prabhab National Daily | Thursday, December 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–

# गगनलाई गलाउने शेखरको प्रयास निरन्तर



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसमा पार्टीगत मर्यादाक्रम हेर्दा पार्टी संस्थापनइतरमा महामन्त्री गगन थापा पहिलो नम्बरमा देखिने नेता हुन् । तर १४ औं महाधिवेशनमा यो खेमाको नेतृत्व दाबी डा. शेखर कोइरालाले गरेका थिए । यसकारण पनि यो समूहका धेरै नेताहरूको रोजाइ कोइराला नै हुने गर्छ । विद्रोही स्वभावका गगन भने यो मान्न तयार देखिँदैनन् ।

कांग्रेस संसदीय दलको निर्वाचनमा गगनले शेखरलाई रोकेर पार्टी सभापति शेरबहादुर देउवासँग भिड्दै विद्रोह गरे । देउवा संसदीय दलको नेतामा निर्वाचित हुँदा आफ्नो समूहको पूरा मत नआएको भन्दै गगनले असन्तुष्टि जनाए, त्यो पनि अर्का महामन्त्री विश्वप्रकाश शर्मामार्फत । शर्मा उनै नेता हुन् जसले संसदीय दलको नेता बन्न गगनलाई उक्साएका थिए ।

त्यही बेलाबाटै शेखर भने गगनलाई गलाउने प्रयासमा लागे । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा कांग्रेसबाट शेखरपक्षलाई दुई मन्त्री पर्दा गगनसँग छलफलै नगरी धनराज

- अनुपम फुडल्याण्डमा उपत्यका प्रेस युनियनले आयोजना गरेको दसैंको शुभकामना आदानप्रदान कार्यक्रममा शेखरलाई वरिष्ठ नेता भनी व्यंग्य कस्दै एक महिनायता बोलचालै नभएको बताएका थिए गगनले
- दुई नेताबीचको दरार सम्बन्ध आइतबार अर्थात् मंसिर २४ गते भने 'क्लाइमेक्स'मा आयो
- बुधबारको बैठकपछि गगन निराश देखिँदा शेखर भने हँसिलो देखिन्थे । कारण, गगनलाई गलाउन सफल भएकोमा हो कि ?

गुरुङ र डिगबहादुर लिम्बूलाई सरकारमा पठाए । कतिपयले मोहनबहादुर बस्नेत पनि शेखरकै समूहबाट मन्त्री बन्न पुगेको पनि बताइन्छ । त्यसपछि गगन झनै आक्रोशित बने । सार्वजनिक मञ्चहरूमा गगन आफ्नै टिम बनाउने भन्दै गर्जिन थाले । यद्यपि गगन फेरि मत्थर बने । असोज २ मा शेखरले बोलाएको भेलामा उपस्थित भए । भेला बालुवाटारस्थित शेखरको सचिवालयमा बसेको थियो ।

केन्द्रीय समितिमा आफ्नो समूहबाट खरोसाथ देउवाविरुद्ध उत्रने एजेण्डा तय भयो । तर गगनबाहेक केन्द्रीय समितिमा अरुले खासै देउवाविरुद्ध आवाज उठाएनन् । त्यतिबेला डा. शेखर वरिष्ठ नेता बन्ने लबिइङमा थिए । कांग्रेसमा रामचन्द्र पौडेल राष्ट्रपति बनेयता उक्त पद खाली नै छ । गगनले यसमा लबिइङ गर्छन् कि भन्ने आशा डा. शेखरमा थियो । तर महामन्त्री थापाले कुनै लबिइङ गरेनन् ।

त्यसपछि शेखर-गगनको दूरी थप लम्बियो । असोजमा कोशी प्रदेशमा केदार कार्की मुख्यमन्त्री बनेपछि थप सशंकित बने, गगन । कात्तिक २ गते उनले आफ्नो असन्तुष्टि सार्वजनिक मञ्चमै पोखे । अनुपम फुडल्याण्डमा उपत्यका प्रेस युनियनले आयोजना गरेको दसैंको शुभकामना आदानप्रदान कार्यक्रममा शेखरलाई वरिष्ठ नेता भनी व्यंग्य कस्दै एक महिनायता बोलचालै नभएको बताए गगनले ।

(क्रमशः पृष्ठ २ मा)

# नागरिकताविहीनको आँसुमा डुबुल्की

## अदालत भन्छ– नागरिकता देऊ, सिडिओ– मिल्दैन



सानुमाया क्षेत्री (६७)
चण्डोल, काठमाडौं

अदालतमा मुद्दा जितें । त्यसपछि आदेश लिएर गएँ (जिल्ला प्रशासन काठमाडौं) । हुँदैन अरे । बुबाको नागरिकता चाहिन्छ भनियो । ४५ वर्षदेखि बेपत्ता छन् । मेरो हकमा पनि बुबाआमाको नागरिकता मागियो तर घर नै मलाई थाहा छैन ।



नेहा थापा (२५)
गट्ठाघर, भक्तपुर

अदालतको नागरिकता दिनू भन्ने फैसला कार्यान्वयन नै भएन । मलाई एक दिन हामी आफैं थाहा दिने भनियो । भर्खरै फोन गरेर अदालतको आदेशको भरमा नागरिकता दिनु मिल्दैन भनियो । नागरिकता नहुँदा न पढ्न पाइयो । न रोजगारी गर्नै ।



अविनाश थापा (३१)
काठमाडौं

सिडिओ कार्यालयले बुवाआमा लिएर आउन भन्छ । म कहाँ जाने खोज्न ? बुबा म जन्मिएकै दिनदेखि बेपत्ता हुनुहुन्छ । आमाचाहिँ म चार-पाँच महिना भएको बेलादेखि । म हुर्केकै मावली घरमा हो ।

■ जेबी योञ्जन

**काठमाडौं–** मुद्दा मामिलाको रोहमा अदालतले जारी गरेको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने प्रावधान संविधानमा छ । संविधानको धारा १२६ को (२) मा उल्लिखित यही प्रावधानको सरकारले नागरिकता वितरणको सन्दर्भमा भने बारम्बार खिल्ली उडाइरहेको छ ।

नागरिकताविहीनहरूले विभिन्न समयमा दायर गरेको रिटमा 'नागरिकता पाउन योग्य देखिएको' फैसला गर्दै 'आवश्यक प्रक्रिया पूरा गरेर नागरिकता दिनू' भन्ने आदेश अदालतले गरेको छ । फैसला कार्यान्वयन निर्देशनालयले सोही फैसलाका आधारमा जिल्ला प्रशासन कार्यालयहरूलाई फैसला कार्यान्वयनका लागि निर्देशनसमेत दिएको छ ।

तर, जिल्ला प्रशासन कार्यालयहरू फैसलाअनुसार नागरिकता वितरण गर्न अटेर गर्छन् । जसले गर्दा नागरिकताविहीनहरू प्रभावित छिन् । त्यसमध्येमै पर्छिन्- काठमाडौंको चण्डोल बस्ने ६७ वर्षीया सानुमाया क्षेत्री । १७ फागुन २०७९ मा सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र डा. कुमार चुँडालको संयुक्त इजलासले सानुमाया र उनका छोराले नेपाली नागरिकताको प्रमाणपत्र पाउने फैसला



गर्दै नागरिकता दिनू भनेर जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा आदेश दियो । तर, आदेशअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले नागरिकता अझैसम्म दिएन । सानुमायाका अनुसार नागरिकता नदिनका लागि आनाकानी गरिरहेको छ । यसप्रति सानुमाया दुःखी छिन् । सरकारले आफूलाई अनागरिक बनाएको भन्दै उनले दुःखेसो पोखिन् ।

'अदालतमा मुद्दा जितें । त्यसपछि आदेश लिएर गएँ (जिल्ला प्रशासन काठमाडौं) । हुँदैन अरे,' आँखा टिलपिल पार्दै सानुमायाले प्रभावसँग भनिन्, 'बुबाको नागरिकता चाहिन्छ भनियो । ४५ वर्षदेखि बेपत्ता छन् । मेरो हकमा पनि बुबाआमाको नागरिकता मागियो । मलाई अझ घर नै थाहा छैन ।'

सर्वोच्चको आदेश बोकेर उनी पटक-पटक जिल्ला प्रशासन कार्यालय पुगिन् । यसबीचमा प्रमुख जिल्ला अधिकारीहरू हेरफेर भए । तर, सबै प्रमुख जिल्ला अधिकारीहरूले बारम्बार भनिरहे- 'छोराको हकमा जन्मदर्तामा बुबाको नाम रहेछ । बुबाको नागरिकता चाहिन्छ र तपाईंले नागरिकता पाउन पनि तपाईंको बुबाको नागरिकता चाहिन्छ ।'

सानुमायाको श्रीमान् ४२ वर्षदेखि बेपत्ता छन् । जीवित छन् कि मृत्यु भइसक्यो अत्तोपत्तो छैन । बुबा खोज्न गएका कान्छो छोरा सुविन पनि बेपत्ता नै छन् । नागरिकता नबनाइदिएको भन्दै गुनासो गर्ने जेठो छोरो र बुहारी पनि बेपत्ता छन् । नागरिकताकै कारण सानुमायाको परिवार तहसनहस भएको छ । सानुमाया भन्छिन्, 'मेरो सम्पर्कमा कोही पनि छैन । म एक्लै छु । हिँड्न पनि त्यति सक्दिनँ ।'

सुनिएअनुसार उनी जन्मेको काभ्रेको धुमखर्क हो । तर, बालखैमा खै कसरी काठमाडौं छिरेको भन्ने उनी बाटो थाहा नपाएर घर फर्किनन् । काठमाडौंमै घरजम भयो । दुई छोरा र एक छोरी भए । छोराछोरी सानै छँदा श्रीमान् बेपत्ता भएपछि सानुमायाको दुःखको दिन सुरु भएको हो । अहिले उनी सर्वोच्चको आदेशअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले नागरिकता नदिँदा दुःखी छिन् ।

तर, यस्तो दुःख ब्यहोर्ने सानुमाया एक्ली भने हैनन् । भक्तपुरको गट्ठाघर बस्दै आएकी २४ वर्षीया नेहा थापा र उनकी बहिनी नीकिता थापाले पनि उस्तै सास्ती ब्यहोरिरहेका छन् । नागरिकता पाउन उनीहरूले गरेको संघर्ष कम दुःखदायी छैन । आँखा टिलपिल पार्दै नेहाले उच्च अदालत पाटनको फैसलाअनुसार नागरिकता नपाएकै कारण पढ्नदेखि रोजगारीसम्मै समस्या भएकाले जिन्दगी नै घाँडो लाग्न थालेको सुनाइन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# अध्यागमनका कर्मचारीकै मिलेमतोमा 'भिजिट भिसा'को सेटिङ

## अध्यागमनका कर्मचारीले नयाँको हकमा ५५ हजार र पुरानोको हकमा ४० हजार रुपैयाँ लिने गरेको खुलासा

■ प्रभाव संवाददाता



**काठमाडौं–** सेटिङ गरेर 'भिजिट भिसा'मा विदेश पठाउने गिरोहमा अध्यागमन विभागका कर्मचारीसमेत संलग्न रहेको पाइएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले फर्जी कागजात बनाई भिजिट भिसामा विदेश पठाएर मानव तस्करीमा संलग्न रहेको अभियोगमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत अध्यागमन अधिकृत नरवीर खड्कालाई पक्राउ गरेको हो । उनलाई बुधबार उनकै निवासबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

सोही आरोपमा नेपाल एयरलाइन्सका दुई कर्मचारीसमेत पक्राउ परेका छन् । उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सोमेन्द्रसिंह राठौरले बुधबार पत्रकार सम्मेलन आयोजना गरी असोज १९ गतेदेखि हालसम्म नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । उक्त प्रकरणमा पक्राउ परेकामध्ये ट्राभल एजेन्सी सञ्चालक छ जना, प्रहरी एकजना, पूर्वप्रहरी एकजना, नेपाल एयरलाइन्सका दुईजना र अन्य ११ जना रहेको बताइएको छ । पक्राउ परेकाहरूमध्ये नौ जनामाथि संगठित अपराध र १२ जनामाथि लिखतसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आठजना धरौटीमा छुटिसकेको अनुसन्धान कार्यालयको भनाइ छ ।

नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत अरविन्द यादव र अध्यागमन विभागमा अधिकृत खड्काले फर्जी कागजात बनाउन तथा विदेश पठाउन सघाउने गरेको प्रहरीले जनाएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार पक्राउ परेका सरकारी अधिकृतहरूले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर आर्थिक लाभसमेत लिने गरेको अनुसन्धानबाट खुलेको छ । उनले सोही आरोपमा नेपाल वायुसेवा निगमका अधिकृत होमनाथ पोखरेललाई यसअघि नै पक्राउ गरेर अनुसन्धान गरिरहेको बताए । 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले संकलन गरेर पठाएका भिसासहितका कागजात अनुसन्धान गर्दा गिरोहले भिजिट भिसाका लागि फर्जी कागजात बनाई विदेश पठाउने गरेको पाइयो,' एसपी रेग्मीले भने ।

(क्रमशः पृष्ठ २ मा)

## इपिएस प्रणालीमा नीतिगत सुधारको तयारी

**काठमाडौं (प्रस)–** दक्षिण कोरियाली सरकारले रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कामदार लिने प्रणालीमा नीतिगत सुधारको तयारी गरेको छ । दक्षिण कोरियास्थित नेपाली राजदूतावासका अनुसार इपिएसमार्फत कोरिया सरकारले आफ्नो मुलुकमा कामदार पठाउने देशका सम्बन्धित अधिकारीहरूसँग छलफल गरेको छ ।

कोरियाको रोजगार तथा श्रम मन्त्रालय र इपिएस प्रणालीबाट कामदार पठाउने मुलुकका कोरियास्थित दूतावासका सम्बन्धित कर्मचारीहरूबीच सन् २०२४ मा इपिएस प्रणालीमा हुने प्रमुख नीतिगत सुधारका विषयमा छलफल भएको दूतावासले उल्लेख गरेको छ ।

उक्त कार्यक्रममा कोरियाली पक्षले सन् २०२४ का लागि इपिएस प्रणालीअन्तर्गत विदेशी कामदार आपूर्तिको कोटा एक लाख ६५ हजार निर्धारण भएको जानकारी दिँदै रोजगारीका लागि उत्पादन क्षेत्रमा खानी, कृषि क्षेत्रमा वन र सेवा क्षेत्रमा रेस्टुरेण्ट व्यवसाय थप भएको बताएको दूतावासले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### नागरिकताविहीनको...

'जिल्ला प्रशासन कार्यालय भक्तपुरले अदालतको नागरिकता दिनू भन्ने फैसला कार्यान्वयन नै गरेन । मलाई एक दिन हामी आफैं थाहा दिने भनियो । भर्खरै फोन गरेर अदालतको आदेशको भरमा नागरिकता दिनु मिल्दैन भनियो,' उनले भनिन्, 'नागरिकता नहुँदा न पढ्न पाइयो । न रोजगारी गर्नै । खै के भन्नु जिन्दगी...।'

नेहाका अनुसार कक्षा ८ मा विद्यालयले जन्मदर्ता चाहिने भनेको थियो। त्यसपछि बनाएको जन्मदर्तामा बुबाको नाम राजेन्द्र थापा उल्लेख गरियो । अहिले जन्मदर्तामा बुबाको नाम रहेको भन्दै जिल्ला प्रशासन कार्यालय भक्तपुरले उनको नागरिकता जसरी पनि ल्याउनु भन्ने गरेको छ । जबकि, राजेन्द्र भने दुई दशकअघि नै नागरिकतासहित बेपत्ता छन् । यसकारण राजेन्द्रको नागरिकता पेस गरेर नागरिकता प्राप्त गर्न नेहा र उनकी बहिनी नीकिता असमर्थ छन् । र, १७ असार २०७९ मा उच्च अदालत पाटनका न्यायाधीशद्वय महेशप्रसाद पुडासैनी र धीरबहादुर चन्दको संयुक्त इजलासले नेहा र निष्ठाको जन्मदर्तामा राजेन्द्र थापा बुबाको रूपमा रहेको र आमा रश्मीले जिल्ला प्रशासन कार्यालय मोरङबाट नागरिकता लिएको देखिएकाले उनीहरूले नागरिकता पाउने फैसला गरेको थियो।

फैसलामै जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई नागरिकता प्राप्तिका लागि निवेदन प्राप्त भए बुझ्नपर्ने केही भए बुझेर आवश्यक प्रक्रिया पुऱ्याइ नागरिकता दिन निर्देशनात्मक आदेश दिएको छ। तर, जिल्ला प्रशासन कार्यालय भक्तपुरले नागरिकता प्राप्तिका लागि निवेदन दिँदा पनि नेहा र नीकितालाई दिएकै छैन ।

काठमाडौंका ३१ वर्षीय अविनाश थापाले पनि सर्वोच्च अदालतको फैसलालाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले कार्यान्वयन गरेको भए नागरिकता पाइसक्थे । तर, फैसला कार्यान्वयन भएकै छैन । बरु, अनेक बहाना बनाएर दुःख दिइरहेको अविनाश बताउँछन् ।

'अदातलको पूर्णपाठ लिएर सिडिओ कार्यालय पटक-पटक गएँ । मैले मुद्दा जितेको छु । सिडिओ कार्यालयले बुवाआमा लिएर आउन भन्छ । म कहाँ जाने खोज्न ?,' उनले भने, 'बुबा म जन्मिएकै दिनदेखि बेपत्ता हुनुहुन्छ । आमाचाहिँ म चार-पाँच महिना भएको बेलादेखि । म हुर्केकै मावली घरमा हो । बुबाआमा कस्तो हुनुहुन्छ ? थाहा छैन ।'

कानुनविद्हरूका अनुसार न्यायालयले गरेको हरेक फैसला र दिएको आदेशलाई सरकारको जुनसुकै निकायले बाध्यात्मक रूपमा कार्यान्वयन गर्नैपर्छ । नगरिए अदालतको अवहेलना हुन्छ । यद्यपि, बाध्यकारी हुने फैसलाको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालयहरूले गम्भीरता नदेखाएको उल्लेखित तथ्यहरूबाट पुष्टि हुन्छ ।

नागरिकताकै सवालमा लामो समयदेखि वकालत गर्दै आएकी महिला, कानुन र विकास मञ्च आबद्ध अधिवक्ता सुष्मा गौतम जिल्ला प्रशासन कार्यालयहरूले न्यायालयको फैसला कार्यान्वयन गर्न आनाकानी गरेर नागरिकताविहीनहरूमाथि खेलबाड गरिरहेको बताउँछिन् । उनले संविधानको धारा १० ले हरेक नेपाली नागरिकको नागरिकता प्राप्त गर्ने अधिकार भए पनि जिल्ला प्रशासन कार्यालयहरू बाधक बनेको भन्दै असन्तुष्टिसमेत व्यक्त गरिन् ।

'सिडिओले अदालतको फैसला कार्यान्वयन गर्नैपर्छ । तर, कार्यान्वयन गर्न आनाकानी गरिन्छ । यो राम्रो होइन । हरेक नागरिकले पहिचान पाउनुपर्दैन ?,' गौतमको प्रश्न छ ।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका निर्देशक सरोजराज रेग्मी जिल्ला प्रशासन कार्यालयहरूलाई फैसला कार्यान्वयनका लागि पटक-पटक पत्राचार गरेको बताउँछन् । तर, कार्यान्वयन गर्दै नागरिकता दिन जिल्ला प्रशासनका कर्मचारीहरूले हिम्मत नगरेको उनले बताए ।

'हामीले फैसला कार्यान्वयन गर्न आग्रह गर्ने हो । पत्राचारमार्फत पटक-पटक आग्रह गरेका छौं,' उनले भने, 'नगरे पौंठीजोरी खेल्ने त होइन ।' अदालतको फैसला कार्यान्वयन नहुँदा नागरिकताविहीनहरू कति छन् ? कुनै तथ्यांक सरकारसँग छैन । तर, नागरिकताविहीनहरू नागरिकताका लागि वर्षौंदेखि सरकारसँग याचना गरिरहेका छन् । सर्वोच्च र उच्च अदालतले नागरिकता दिनू भन्दा पनि जिल्ला प्रशासन कार्यालयले मानेको छैन । जसले गर्दा थुप्रै नागरिकहरू देशमै अनागरिक बनेका छन् ।

### गगनलाई गलाउने...

'वरिष्ठ नेताजीसँग एक महिनाजति भयो भेट नभएको । पत्रपत्रिकामा पढिरहेको छु,' गगनले त्यतिबेला भनेका थिए ।

दुई नेताबीचको सम्बन्ध आइतबार अर्थात् मंसिर २४ गते 'क्लाइमेक्स'मा आयो । शेखर पक्षले बैठक मंगलबारका लागि बैठक डाके । गगनलाई निम्तो दिन खोज्दा फोन उठेन । गगनले आफू मधेसमा निस्कने भएकोले भेलामा सहभागी हुन नसक्ने जनाउ दिए । आफूलाई डा. शेखरलाई सीधा सम्पर्क नगरी सचिवालयबाट फोन गएकोमा गगनको असन्तुष्टि रहेको बताइन्छ । त्यसपछि दुई नेतालाई मिलाउन अर्जुननरसिंह केसीले प्रयास गरे । सोमबार दुवै नेतालाई डाकेर गगनका ससुरासमेत रहेको केसीले तीन घण्टा आफ्नो निवासमा छलफल गरे । भदौ १७ गते यसरी नै केसीले भेला राख्दा शेखर उनको घर गएका थिएनन् । यसपटक भने शेखर केसीनिवास बूढानीलकण्ठ पुगे । त्यसपछि मंगलबारका लागि राखिएको भेला बुधबारका लागि सऱ्यो ।

बुधबार १ बजेका लागि डाकिएको बैठकमा गगन सबैभन्दा ढिला पौने २ बजेतिर आइपुगे । उनी भेलास्थल अनुपम फुडल्याण्ड पुग्दा सञ्चारकर्मीले घेरेपछि उनले खुसीसाथ भने- माइती आएजस्तो लाग्यो । गगनको यही बोलीबाट प्रस्ट हुन्छ उनी शेखर समूहबाट अन्माइसकेका नेता हुन् । अन्माइसकेका अर्थात् बिदा गरिएका । यस्तो अवस्थामा पनि एक देखिन उनी शेखरले डाकेको बैठकमा आइपुगे ।

करिब साढे दुई घण्टा चलेको बैठकको अन्तिममा गगनले आफ्नो असन्तुष्टि पोखे । 'समूहभित्र संवादको कमी भयो भन्ने कुरा पनि उठ्यो । यसलाई नियमित गरौं भन्नेमा पनि छलफल भयो । कम छलफल हुँदा असमझदारी बढ्यो,' बाहिर सञ्चारकर्मीसँग गगनले भने । भित्र बैठकमा भने गगनले आफूलाई युज एण्ड थ्रोका लागिमात्र आफ्नो खोजी भएको भन्दै डा. शेखरलाई चेतावनी दिएका थिए । 'समूह एकताबद्ध हुने हो भने देउवासँग भिडौं, हाम्रो समूहमा नभिडौं,' गगनको भनाइलाई उद्धृत गर्दै एक नेताले भने । यसो त गगनले अब एक भएर शेखरलाई नै संसदीय दलको नेता बनाउने प्रयासमा लागिपर्नुपर्ने बताएका थिए । 'हामी एकताबद्ध भएर संसदीय दलको नेता फेर्न लागौं, देउवा नै प्रधानमन्त्री हुने अवस्था भयो भने २०८२ मा महाधिवेशन हुन सक्दैन,' गगनको भनाइ उद्धृत गर्दै ती नेताले भने ।

संसदीय दलको नेताबाट देउवालाई हटाउन सक्ने अवस्था नभएको पटक-पटक डा. शेखरले नै बताउँदै आएका छन् । किनभने देउवाको पक्षमा अधिकतम मत छ । गत पुसमा भएको निर्वाचनमा देउवाले ६४ मत पाउँदा थापाले २५ मतमात्र पाएका थिए । यस्तो अवस्थामा गगनले शेखरलाई संसदीय दलको नेता बनाएर प्रधानमन्त्रीको यात्रामा लाग्न आग्रह गरेका हुन् । बुधबारको बैठकबाट निस्कँदा गगन निराश देखिँदा शेखर भने हँसिलो देखिन्थे । कारण, गगनलाई गलाउन सफल भएकोमा हो कि ? यसको जवाफ भने आगामी राजनीतिक फेरबदलले बताउँला ।

### अध्यागमनका कर्मचारीकै...

भिजिट भिसामार्फत विदेशमा पठाएर काम लगाइदिने भन्दै फर्जी कागजात बनाइदिने ट्राभल एजेन्सीका सञ्चालकहरू वन्ट्रा ट्रिप अनलाइन ट्राभल्सका सञ्चालक मनुराज चौधरी, एचआर टुर्स एण्ड ट्राभल्सका सञ्चालक रामप्रसाद भण्डारी, होलिडेज एण्ड ट्राभल्सका सञ्चालक सरोज यादव, एसकेजे ट्राभल्सका सञ्चालक दिनेश ज्ञवाली, रिलेभेन्ट ट्राभल्सका सञ्चालक देवराज खनाल र एड्भान्स म्यानेजमेन्ट मल्टी ट्रेनिङ सेन्टरका सञ्चालक गणेश पाण्डेलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ ।

कागजात मिलाएबापत ट्राभल एजेन्सीहरूले प्रतिव्यक्ति १५ हजार रूपैयाँ लिने गरेको अनुसन्धानबाट खुलेको छ । अध्यागमन विभागका कर्मचारीहरूले नयाँको हकमा ५५ हजार रूपैयाँ र पुरानो (एकपटक विदेश पुगेर फर्किएका) हरूको हकमा ४० हजार रूपैयाँ लिने गरेको पाइएको अनुसन्धानबाट खुल्न आएको प्रवक्ता रेग्मीले बताए ।

गत असोज १५ गतेदेखि हालसम्म भिजिट भिसामा विदेश जान लागेका नेपाली युवा युवतीहरूको एक हजार ५१३ थान शंकास्पद कागजातसहित राहदानी अनुसन्धानका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट प्राप्त भएको पनि प्रहरीले उल्लेख गरेको छ । जसमध्ये २४६ जनाको कागजात शंकास्पद र नक्कली रहेको बताइएको छ । प्लस टु अध्ययनको सर्टिफिकेट, श्रम स्वीकृतिको पत्र, नाता प्रमाणित, प्रहरी रिपोर्ट र बैंक स्टेटमेन्टलगायतका कागजात नक्कली देखिएको प्रहरीले जानकारी दिएको छ।

### इपिएस प्रणालीमा...

पूर्वप्रस्थान र कोरिया प्रवेशपछिको तालिम र सीप विकास कार्यक्रमलाई थप सबलीकरण गर्दै कामदारहरूको अधिकारको संरक्षण र समस्या समाधान गर्ने प्रणालीलाई थप सुदृढ गर्ने बताइएको छ। आप्रवासन सहयोग परामर्श तथा शिक्षा प्रणालीलाई पुनर्संरचना गरिनेलगायतका प्रमुख नीतिगत सुधारका विषयमा पनि जानकारी गराइएको दूतावासले उल्लेख गरेको छ ।

कोरियाले इपिएसमार्फत १६ मुलुकबाट कामदार लैजाने गरेको छ । जसमा सन् २०२४ को लागि एक लाख ६५ हजार कोटा तोकिएको छ । कोरियाले १६ वटा मुलुकमध्ये नेपालबाट उत्पादनमूलक क्षेत्रमा काम गर्न १५ हजार ८४८ जना श्रमिक लैजाने जानकारी दिएको छ। सोहीअनुरूप भर्खरै मात्र वैदेशिक रोजगार विभाग इपिएस कोरिया शाखाले कोरियन भाषा परीक्षामा सहभागी हुन आवेदन माग गरेको छ ।

# यी हुन् त्रिविको दीक्षान्तमा पुरस्कृत हुनेहरू

■ प्रभाव संवाददाता

**काठमाडौं-** त्रिभुवन विश्वविद्यालयले ४९औं दीक्षान्त समारोहमा पदक तथा पुरस्कार पाउने विद्यार्थीको नाम सार्वजनिक गरेको छ । त्रिवि परीक्षा नियन्त्रण कार्यालयले समारोहमा वितरण गर्ने पदक तथा पुरस्कार पाउने उत्कृष्ट विद्यार्थीको नाम बुधबार सार्वजनिक गरेको हो। स्नातकोत्तर तहतर्फ चारजना उत्कृष्ट विद्यार्थीले दुई/दुई र स्नातक तहतर्फ एक जना उत्कृष्ट विद्यार्थीले दुई पदक तथा पुरस्कार पाएका छन्।

कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार समारोहमा एक विद्यार्थीले तीन पदक तथा पुरस्कार प्राप्त गरेका छन्। मानविकी संकायमा स्नातकोत्तर तहतर्फ अर्थशास्त्र विषयमा सर्वप्रथम हुने कपिल पौडेलले तीन पदक तथा पुरस्कार पाएका हुन् । विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा अर्थशास्त्र केन्द्रीय विभागका पौडेलले ३.७७ सिजिपिए ल्याउँदै तारापद चौधरी पदक, खगेन्द्रमान सिंह प्रधान पदक र चन्द्रराज ढुंगेल स्मृति पुरस्कार पाएका छन् ।

यस्तै स्नातकोत्तर तह अंग्रेजी साहित्यमा ३.८५ सिजिपिए ल्याउँदै सारा महर्जनले पनि दीक्षान्त पदक र पुरस्कार दुईपदक पाएकी छन् । उनले नरेन्द्रमणि आचार्य दीक्षित पदक र डा. मोहनप्रसाद लाखे स्वर्ण पदक पाएकी छन् ।

यस्तै बालकुमारी कलेज चितवनकी ममता सापकोटाले पनि दुई पदक पाएकी छन् । व्यवस्थापन संकायमा स्नातकोत्तर तह (एमबिएस)मा ३.८७ सिजिपिए ल्याउँदै उनले नेपाल बैंक लिमिटेड सरदार गुञ्जमानसिंह स्वर्ण पदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार पाएका छन् । यसैगरी विश्वविद्यालय क्याम्पस कीर्तिपुरकी शिक्षा शास्त्र संकायकी शर्मिला रिजाल र सोही क्याम्पसका मानविकी संकाय राजनीति शास्त्रका अभिनव आचार्यले पनि दुई/दुईवटा पुरस्कार पाएका छन् । एमएडमा गणित विषय लिई सर्वप्रथम भएका रिजालले हिमांशु दाहाल स्मृति नगर पुरस्कार र शिल्पा विष्ट प्राज्ञिक उत्कृष्टता पुरस्कार पाएका हुन् । यस्तै एमए राजनीतिशास्त्र विषयमा सर्वप्रथम भएका आचार्यले ललितचन्द पुरस्कार र वडाकाजी मरिचमानसिंह पदक पाएका छन् ।

### भाइस च्यान्सलर पदक गैरेलाई

यसैगरी २०७८ सालको स्नातक तहतर्फको सातवटा दीक्षान्त पदक र पुरस्कारमध्ये दुईवटा पुरस्कार एकै जनाले पाएका छन् । स्नातक तहको भाइस च्यान्सलर पदक यसपटक स्नातक तहमा सर्वोकृष्ट अंक ल्याउने पक्लिहवा क्याम्पस पक्लिहवा भैरहवाकी अस्मिता गैरेले पाएकी छन् । उनले ८८.२२ प्रतिशत अंक ल्याएकी थिइन् । भाइस च्यान्सलर पदक एक तोला सुन र प्रमाणपत्र हुने गर्दछ ।

मानविकी संकायअन्तर्गत स्नातक तहमा सर्वप्रथम भएका हेराल्ड इन्टर नेसनल कलेज बसुन्धराकी अस्मिता घिमिरेले पिपल्स क्याम्पस तीर्थरत्न बज्राचार्य पदक र ज्ञानप्रसाद पुरस्कार पाएकी छन्। त्रिविले दीक्षान्त समारोहमा एमफिलतर्फ एक, स्नातकोत्तर तहमा १९ वटा र स्नातक तहतर्फ सातवटा पदक तथा पुरस्कार वितरण गर्न थालेको हो।

### 'कुलपति पदक' वितरण नगर्ने

त्रिविले यस वर्षदेखि 'कुलपति पदक' वितरण नगर्ने भएको छ । परीक्षा नियन्त्रक कार्यालयका परीक्षा नियन्त्रक जोशीले सेमेस्टर प्रणालीअनुसार सर्वोकृष्ट अंक ल्याउने विद्यार्थी छुट्ट्याउन नसकिएकाले प्रत्येक वर्ष त्रिवि दीक्षान्त समारोहमा प्रदान गर्दै आइरहेको कुलपति पदक वितरण नगर्ने जानकारी दिए। कुलपति पदक नौवटै संकायमा सबभन्दा बढी अंक ल्याउने एक जना विद्यार्थीलाई प्रदान गरिँदै आइरहेको थियो । कुलपति पदक तीन तोला सुन र प्रमाणपत्र हुने गर्दथ्यो। ४९औं दीक्षान्त समारोह आगामी पुस २ गते त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने परीक्षा नियन्त्रक जोशीले जानकारी दिए ।

**शिवनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिवनाथ, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति: २०८०/०८/ २८

यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत Auditorium Hall Construction Work At Shivanath Rural Municipality, Construction And Upgrading Works Of Khulpur Sports Ground At Shivanath 02, Bhadigada Irrigation Canal and Pond Construction At Shivanath-05, Baitadi कार्य गर्नका लागि मिति २०८०/०७/२० गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | निर्माण कम्पनि | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|
| 03/SRMUN/WORKS/ 2080/081 | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | Rs. 21,28,942.90 |
| 04/SRMUN/WORKS/ 2080/081 | Shivanath Nagarjun Construction Beldandi-01, Kanchanpur | Rs. 11,42,215.50 |
| 05/SRMUN/WORKS/ 2080/081 | Himshikhar Nirman Sewa Basantpur-07, Baitadi | Rs. 21,63,465.10 |

प्रमुख प्रशासकीय अधिकृत

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर २८ गते २०८०, बिहीबार

| | |
|---|---|
| **मेष** | परोपकारमा रूचि बढ्नेछ । |
| **वृष** | अरूले आलोचना पनि गर्न सक्छन् । |
| **मिथुन** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कर्कट** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **सिंह** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **कन्या** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **तुला** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **वृश्चिक** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |
| **धनु** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मकर** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कुम्भ** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर २८ गते, २०८०, १४ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०८ | १३३.६८ |
| युरो | १ को | १४५.६२ | १४६.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.७७ | १६७.५२ |
| स्विस फ्रैन्क | १ को | १५०.५१ | १५१.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.३९ | ८७.७९ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९९.५५ | १००.०० |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४८ | ३५.६४ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६७ |
| थाई भाट | १ को | ३.७८ | ३.८० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२३ | ३६.४० |
| मलेसियन रिङेट | १ को | २८.६० | २८.७३ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.७६ | १२.८१ |
| डेनिस क्रोनर | १ को | १९.५३ | १९.६२ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१५ |
| कुवेती दिनार | १ को | ४३२.०५ | ४३४.०० |
| बहराइन दिनार | १ को | ३५३.०१ | ३५४.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्राज्ञिक अनुसन्धान र प्रकाशनमा जोड दिऔं : प्रधानमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वव्यापी जलवायु परिवर्तनसम्बन्धी थप खोज-अनुसन्धान गर्न काठमाडौं विश्वविद्यालयलाई आग्रह गरेका छन् । काभ्रेपलाञ्चोकको धुलिखेलमा बुधबार आयोजित विश्वविद्यालयको २९औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले स्थानीय समुदायमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न, अनुकूलनका स्थानीय तौरतरिका र राहतका उपाय खोजी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्राज्ञिक अनुसन्धान र प्रकाशन गर्न प्राध्यापक तथा अध्येतालाई अनुरोध गरे ।

विश्वविद्यालयले नेपाल टेक्नोलोजी इनोभेसन सेन्टरको स्थापना गरेर प्रविधिलाई वैज्ञानिक अनुसन्धान तथा मानव जीवनको उत्थानका लागि प्रयोग गर्न गरिरहेको प्रयत्न निकै सराहनीय रहेको प्रधानमन्त्री दाहालको भनाइ छ । ‘यसबाट आर्टिफिसियल इन्टेलिजेन्सदेखि जलवायु परिवर्तन रोकथामका उपाय, नेपालको कृषि सुधारका लागि आवश्यक ज्ञान, दिगो विकासका नयाँ आयामका लागि बाटो खुलेको छ,’ उनले भने, ‘नेपालको दिगो विकासमा टेवा पुग्ने किसिमको थप अनुसन्धान गरी यस केन्द्रलाई वैज्ञानिकमात्र नभएर आममानिसको हितका लागि प्रयोग गर्न अनुरोध गर्दछु ।’

काठमाडौं विश्वविद्यालयको प्रारम्भ विज्ञान तथा प्रविधिसम्बन्धी विश्वविद्यालयका रूपमा भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पछिल्ला दशकमा विश्वविद्यालयले विस्तार गरेको प्राज्ञिक दायराबाट नेपालको बहुआयामिक विकासमा योगदान मिलेको बताए । विश्वविद्यालयले एक हजार शयाको आफ्नै शिक्षण अस्पताल निर्माण गरी चिकित्सा शिक्षा र अभ्यासलाई सँगसँगै लैजान खोजेकामा आफू अत्यन्त खुसी भएको बताउँदै उनले विश्वविद्यालयले चुस्ततापूर्ण बहुविशिष्टीकृत शिक्षण अस्पताल खोल्ने विश्वास व्यक्त गरे ।

‘स्थापनाको ३२औं वर्षपछि आफ्नै शिक्षण अस्पताल स्थापना गर्न विश्वविद्यालयले गरेको प्रयास सराहनीय छ, यो शुभकार्यका लागि म अग्रिम शुभकामना दिन चाहन्छु,’ प्रधानमन्त्री दाहालले भने, ‘विश्वविद्यालयको कुलपति र प्रधानमन्त्रीको हैसियतले जति सहयोग गर्न सकिन्छ, त्यो सहयोग गर्न म तत्पर छु ।’ विश्वविद्यालयले सञ्चालन गरेका बहुविधागत कार्यक्रमले अबको विश्वविद्यालय शिक्षा कस्तो हुनुपर्छ भन्ने उल्लेखनीय उदाहरण पेस गरेका दृष्टान्त दिँदै उनले आगामी दिनमा थप ऊर्जा र सिर्जनात्मकताका साथ अध्ययन र अध्यापनका कार्यक्रम लागू गर्न आग्रह गरे ।

‘नेपालको मौलिक ज्ञान, प्रविधि र सीपलाई विश्व परिवेश र ज्ञानको बजारसँग जोडेर नेपालको शिक्षाको अन्तर्राष्ट्रियकरण गर्ने र नेपाललाई अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र बनाउने जुन दूरदृष्टि छ, त्यो सराहनीय एवं आवश्यक छ,’ उनले भने । आफूले आर्जन गरेको ज्ञान र सीपलाई देशको र मानव जातिको हितका लागि अर्पण गर्न आह्वान गर्दै प्रधानमन्त्री दाहालले थप अध्ययन र अनुभवका लागि विदेशमा रहेका विद्वत्वर्ग एवं युवालाई पनि आफ्नो माटोको सुगन्ध र मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप नेपालको दिगो विकासका लागि सदुपयोग गर्न आह्वान गरे ।

### एक हजार ८३८ विद्यार्थी दीक्षित

काठमाडौं विश्वविद्यालयका एक हजार आठ ३८ विद्यार्थी बुधबार दीक्षित भएका छन् । प्रधानमन्त्री तथा उक्त विश्वविद्यालयका कुलपति दाहालले २९औं दीक्षान्त समारोहमा ती विद्यार्थीलाई दीक्षित भएको प्रमाणपत्र प्रदान गरे ।

दीक्षित हुनेमा पिएचडी, डिएम र एमसिएचमा स्कुल अफ आर्ट्सका एक, शिक्षाका तीन, मेडिकल साइन्सेजका १२ र विज्ञान विषयका दुईजना गरी १८ जना रहेका छन् ।

त्यस्तै एमफिल तहका ३८, स्नातकोत्तर तहका ३१४, पिजिडी तहका ५२ र स्नातक तहका एक हजार ४१६ जनासहित एक हजार ८३८ विद्यार्थी २९औं दीक्षान्तको पहिलो चरणमा दीक्षित भएको काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टसका सहप्राध्यापक एवं विश्वविद्यालयका प्रवक्ता एक्कुमाया पुनले बताइन् ।

समारोहमा काठमाडौं विश्वविद्यालयको इतिहासमा पहिलोपटक स्कुल अफ इञ्जिनियरिङअन्तर्गत मास्टर अफ टेक्नोलोजी इन आर्टिफिसियल इन्टेलिजेन्समा एक, स्कुल अफ मेडिकल साइन्सेजअन्तर्गत मास्टर अफ साइन्स इन मिडवाइफेरी नर्सिङमा आठ र स्कुल अफ एजुकेसनअन्तर्गत मास्टर इन हायर एजुकेसनमा नौ जनालाई पनि उपाधिको प्रमाणपत्र दिइएको थियो ।

यसैबीच विश्वविद्यालयले प्रदान गर्दै आएका पदकमध्ये पहिलो चरणको भाइस चान्सलर स्वर्णपदक स्नातक तहमा सबैभन्दा बढी अंक ८४.२६ प्रतिशत ल्याउन सफल विराटनगरको विराट मेडिकल कलेजका सनम ढकाललाई प्रदान गरिएको थियो ।

त्यस्तै एमबिए तहमा सबैभन्दा बढी ३.८९ सिजिपिए प्राप्त गर्न सफल स्कुल अफ मेनेजमेन्टका विनायक घिमिरेलाई जुद्धबहादुर श्रेष्ठ स्वर्णपदक, एमबिएमा ३.७८ सिजिपिए प्राप्त गरी सर्वोत्कृष्ट हुन सफल स्कुल अफ मेनेजमेन्टका विद्यार्थी अंकित सुवेदी, एमबिबिएसतर्फ स्नातक तहमा सबैभन्दा बढी अंक ८०.२९ प्रतिशत प्राप्त गर्न सफल विराज मेडिकल कलेजका संस्कृतिश्री ढकाललाई न्ह्छेरत्न तुलाधर स्वर्ण पदक र स्कुल अफ मेनेजमेन्टमा स्नातक तहमा सबैभन्दा बढी ३.९७ सिजिपिए प्राप्त गर्न सफल सौगात बाँस्तोलालाई प्रेमराज पन्त स्वर्ण पदक प्रदान गरिएको थियो । दीक्षान्त समारोह शताब्दी पुरुष वरिष्ठ चिकित्सक डा. गौरीशंकरलाल दासको पनि सहभागिता थियो ।

# कामपामा आजदेखि सुर्तीजन्य पदार्थ पूर्णप्रतिबन्ध

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)ले आज (बिहीबार)देखि सुर्तीजन्य पदार्थको भण्डारण, बिक्रीवितरण र प्रयोग गर्न पूर्णप्रतिबन्ध लगाउने भएको छ । कामपाले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त जानकारी गराएको हो ।

यसका लागि महानगरले यही मंसिर १२ गते १५ दिनको अवधि दिएर सार्वजनिक सूचना प्रकाशन गरेको थियो । कामपाका प्रवक्ता नवीन मानन्धरले सुर्तीजन्य वस्तु प्लास्टिकले बेरेको वा कागजले बेरेको भए पनि हानिकारक हुने भएकाले कारोबारमा पूर्णप्रतिबन्ध लगाएको स्पष्ट पारे ।

कच्चा सुर्ती, खैनी, गुट्खा एवं चुसेर रस लिने सबै प्रकारका सुर्तीजन्य पदार्थको प्रयोग, बिक्री र भण्डारणमा प्रतिबन्ध लगाइएको प्रवक्ता मानन्धरले जानकारी दिए । उनले भने, ‘सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन, २०६८ को व्यवस्था कार्यान्वयन गराउने अभियान हो, विधि प्रक्रिया तोकिएको छ । सार्वजनिकस्थलमा धूमपान गरे त्यस स्थानबाट निकाल्ने, १०० रूपैयाँसम्म जरिवाना गर्ने, सार्वजनिक स्थलको १०० मिटर वरपर बिक्रीवितरण गरे सामान जफत गर्ने र पसल बन्द गर्नेसम्मको कारबाही गर्न सकिने ऐनमा व्यवस्था छ ।’

प्रवक्ता मानन्धरका अनुसार आजदेखि निरन्तर अनुगमन गरिने छ, अनुगमनका लागि १० जनाको समूहमा नगर प्रहरीका पाँचवटा टोली, सादा पोसाकमा नगर प्रहरी र कर्मचारी खटिने छन् । उनले भने, ‘अनुगमन गर्दा पसलमा सुर्तीजन्य वस्तु पाइए सचेत गराउँदै दुईपटकसम्म जफत गर्ने र तेस्रोपटक पनि भेटिए पसल बन्द गराउनेसम्मको कारबाही हुने छ ।’

सुर्तीजन्य वस्तुको भण्डारण, बेचबिखन, प्रयोगसम्बन्धी जानकारी पाउने नागरिकले महानगर प्रहरी बलको हटलाइन १८१०५०००६० वा टेलिफोन नम्बर ०१ ५९०१७६३ र ०१ ५९०१७६४ मा खबर गरेर जानकारी दिन पनि कामपाले आग्रह गरेको छ । चुरोट, बिँडी, सिंगार, तमाखु, हुक्का, सुल्फा, कक्कडको प्रयोगलाई धूमपान मानिन्छ । सुर्तीजन्य वस्तुमा कच्चा सुर्ती, खैनी, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने वस्तुलाई मान्ने गरिन्छ । कामपाले जारी यसै वर्ष जारी गरेको जनस्वास्थ्य ऐनमा यससम्बन्धी व्यवस्था छ ।

ऐनको दफा ४२ मा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउनसक्ने, निषेध गर्नसक्ने व्यवस्था छ । सुर्तीजन्य वस्तुको प्रयोगले व्यक्तिको स्वास्थ्यमा परिरहेको नकारात्मक असर रोक्न ऐनको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न लागिएको कामपाको भनाइ छ । *रासस*


## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
**(चावहिल काठमाडौं) को नाममा रहेको**

Since 2000

**सम्पत्ति (सवारीसाधन) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सूचना**

**प्रकाशित मिति : २०८०/०८/२८ गते बिहीवार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको कार्यालयमा रहेको तपशिल बमोजिमको सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरु सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आवह्नन गरीयकोछ ।

तपशिल

| क्र.सं. | सवारी साधनको विवरण | बनेको साल | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | Nissan Sunny (गाडि नं. बा ६ च ८०९) | २००७ | रु.५००/ |

**लिलामका शर्तहरुः**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००र-(अक्षरुपी पाँच सय रुपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।

२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिती २०८० साल पौष ४ गते दिनको ३:०० बजे भित्र मुख्यकार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।

३). शिलबन्दी बोलपत्र २०८० साल पौष ५ गते बिहिवार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरु वा निजले लिखित रुपमा नियुक्तगरेको प्रतिनिधिहरु र अन्य पदाधिकारीहरुको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।

४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाइएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरि नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।

५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।

६). कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।

७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।

८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ

९). अन्य शर्त हरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८०/०९/४ गते बुधवार**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८०/०९/ ५ गते बिहीवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा**
**समय : दिउँसो ३.०० बजे**

**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (चावहिल)-७, काठमाडौं ।**
**फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५१०४, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।**



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २२३ मंसिर २७ गते २०८० मा प्रकाशित **Career Development Human Resource Pvt. Ltd. (Maharaja Human Resource Pvt.ltd)** को Lot No. **296389** को **Neshara Security Force Sdn Bhd** कम्पनीको विज्ञापनमा कामदारको मासिक तलब **मलेसियामा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २२२ मंसिर २६ गते २०८० मा प्रकाशित **Trust Nepal Overseas Pvt. Ltd.** को Lot No. **286912** को TERANG NUSA (MALAYSIA) SDN. BHD. कम्पनीको विज्ञापनमा नेपाली रुपैया बयालिस हजार (४२०००) **(42 Thousand)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

Trust Nepal Overseas Pvt. Ltd. Govt. lic. no. 259/058/059
Maharajgunj, Kathmandu, Nepal, Tel. +977-1-4377190, 4377196, Fax: 0977-1-4375788, Email: info@trustnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALLIED ARABIAN MAINTENANCE & TRADE CO LTD**
पूर्व स्वीकृति मिति २०८०/०८/२६ | LT. No. 296422 | चलानी नं. ६०२११४१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 4 | 0 | 1000 | ३५,५६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५६५ | | | | | | | |

**कम्पनी : FAWZIA LUTF AL GERAFI RESTAURANT**
पूर्व स्वीकृति मिति २०८०/०८/२६ | LT. No. 296421 | चलानी नं. ६०२११४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1400 | ४९,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Recent Job Placement Pvt. Ltd** (ई.प.नं.१३१८/७४/७५) मा कार्यरत **Pabitra Khatiwada Dahal (Citizenship No. 25-01-70-15776)/receptionist** र **Parbati Tamang(Citizenship No. 253056/312)/kitchen worker** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण मितिः २०८०/०५/१९ देखि राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/२८ गते)

श्री कृपास्वर पेहीमको नाती, खडग बहादुर पेहीम/सन्चमाया पेहीमको छोरा, कुमारी लिम्बुनीको पति, तेह्रथुम जिल्ला मेछ्यायेम गाउँपालिका वंडा नं ०५, मोराहाङ्ग बस्ने श्री विशाल कुमार पेहीम मिति २०८०/०६/०५ गतेमा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. २७२०१६७६१९४०००01 मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको श्रीमती कुमारी लिम्बुनीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदकको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मेछ्यायेम, तेह्रथुम फोन नं. ०२६-६८१०३६**



## Mandandeupur Municipality
**Office of Municipal Executive**
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

***(Date of Second Publication: 14th Dec2023)***

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** or may visit Mandandeupur Municipality website ***www.mandandeupurmun.gov.np.***

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Wada No.5 Vitraka Bibhinna Yojanaharu | 09/Works/NCB/ MDM/080/81 | 29/12/2023 12:00 hrs. | 29/12/2023 13:00 hrs. | Nrs.3000 | 62500.00 | 2159830.32 |
| 2 | Ward No. 9 Ko Bibihnna Yojanaharu | 11/Works/NCB/ MDM/080/081 | 29/12/2023 12:00 hrs. | 29/12/2023 13:00 hrs. | Nrs.3000 | 50000.0 | 1710487.50 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पराजितलाई फेरि किन मौका ?

राष्ट्रिय सभाको निर्वाचन नजिकिएसँगै आकंक्षीको लर्को लागेको छ । यो लर्कोमा 'हेभिवेट' नेतादेखि संघर्षरत नेताहरूको अनुहार देखिन्छ । सबैभन्दा बढी चर्चामा हेभिवेट नेताहरू छन् । यसमा पनि कांग्रेसका नेता कृष्णप्रसाद सिटौला । झापा–३ बाट गत निर्वाचनमा उम्मेदवार रहेका सिटौला राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग पराजित भएका नेता हुन् । एकपटक निर्वाचनमा पराजित नेता फेरि अर्कोबाट संसद्मा छिर्ने चलन नयाँ भने होइन । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव यसरी नै उपचुनावबाट संसद् छिरिसकेका छन् । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग सप्तरी–२ बाट पराजित भएपछि बारा–२ पुगेर उपचुनावबाट यादव निर्वाचित भएका हुन् ।

राजनीतिक नैतिकता गुमाए पनि यादवले रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपति बनाएर आफू बारा–२ बाट निर्वाचित भएका हुन् । यसरी नैतिकता पचाएरै संसद् छिरेका यादव अहिले गुमनाम छन् । सरकारबारे यादवले बेलाबेला असन्तुष्टि पोख्छन् ।

यसैगरी राष्ट्रिय सभामा छिर्ने दाउमा सिटौला लागेका छन् । सिटौलामात्र हैन, कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', समानुपातिकको बन्द सूचीमा रहेका गोपालमान श्रेष्ठले पनि राष्ट्रिय सभा सदस्यमा आकांक्षा जनाइसकेका छन् । उनीहरूको यो आकांक्षा यतिमै सीमित छैन, सदन छिरेर अध्यक्ष बन्नेसम्मको दाउ छ । राष्ट्रिय सभाको अध्यक्ष बनेर सरकारी तलब र शक्तिमा आनन्दसँग जीवन बिताउने योजना उनीहरूको देखिन्छ । राजनीतिमा असफल भएपछि कसरी हुन्छ 'ग्रेसफुल एक्जिट' खोज्ने प्रयास नेताहरूले जारी राख्छन् । तर यसका लागि केही न केही योगदान जरुरी हुन्छ । जनताले रुचाएका, कुर्सीमा पुगेपछि देशका लागि केही काम गर्ने इच्छाशक्ति भएका नेताहरू पदका लागि लायक हुन्छन् । तर जो जनताले दुत्कारेका छन्, निर्वाचनमै पराजितहरू छन्, जो थोरै मतले पनि हैन, धेरै मतले, शक्तिशाली दलको गठबन्धन हुँदा पनि जनताले नरुचाएकालाई सम्मानित पदमा रोज्नु अशोभनीय हो । यसका लागि दलहरू जनमतको कसीमा जाँचिनुपर्छ ।

निर्वाचन आयोगले यस्तै प्रवृत्तिमा ताल्चा लगाउन एकपटक निर्वाचित भइसकेकाहरू पाँच वर्षसम्म कुनै तहगत निर्वाचनमा भाग लिन नपाउने कानुन बनाउन प्रस्ताव गरेको थियो । तर संसद्ले यसलाई पारित गरेको छैन । यस्तो अवस्थामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले आफूलाई रूपान्तरण गर्न जरुरी छ । यदि रूपान्तरण यस्तै मौकाहरूमा नगर्ने हो भने जनताले क्रान्तिको घण्टी फेरि बजाउने छन् ।

# शिव शनि धामको धार्मिक महत्त्व



अजयकुमार झा

नव ग्रहमध्येका एक देवता शनिदेव (शनिग्रह) को उपासनाको आधार र कारणबारे पनि परिचित हुन थालेका छन् । शनिदेवद्वारा नै हाम्रो सांसारिक जीवनको कार्यक्षेत्र वा कर्मजीवन सञ्चालित भएको मानिन्छ । मानिसको जन्मकुण्डलीको दशम भावलाई कर्म, पिता र राज्यपक्षको प्रतीक मानिन्छ भने एकादश भावलाई आय र राज्यसुखको भाव मानिन्छ । त्यसैले कर्म, सत्ता र आयको प्रतिनिधि ग्रह भएका कारणले जन्मकुण्डलीमा शनिको स्थान महत्त्वपूर्ण मानिन्छ ।

सनातन धर्मका मठ, मन्दिर, देवस्थल आदि हरेक गाउँ, टोल, समुदायमा भेटिन्छन्, तर सनातनी तीर्थहरू प्रायः दुर्गम पर्वतमालाहरूमा नै रहेको पाइन्छन् । तीर्थहरू दुर्गम स्थानमै स्थापित तथा विकसित हुनुको कारणहरू अनेक हुन सक्छन् तर प्रमुख कारणको रूपमा ती तीर्थस्थलहरू कुनै सन्त, सन्यासी, योगी, वैरागी, ऋषि, मुनि, महात्माहरूले निर्माण गरेको हुनुपर्छ, जो परिवार, समाज र मानिसहरूको भीडभाडबाट अलग्ग गएर विकट अन्कन्टार ठाउँमा बसेर साधना र तपस्यामा जीवन समर्पित गर्दथे भन्न सकिन्छ ।

कालान्तरमा धर्मानुरागीहरूमा तीर्थयात्राको रहर र लहर बढ्दै, तीर्थस्थल वरपर तीर्थालुको सेवा र सुविधाको उपलब्धताले बजार र बस्ती बन्दै बढ्दै तथा यातायातको विकास र विस्तार हुँदै गर्दा त्यस्ता दुर्गम स्थानहरू पनि सुगम बन्दै गएका हुन् । यस्तै तीर्थस्थलको रूपमा सप्तरीको चुरे वन फेदीमा पनि एक दशकयता एउटा नयाँ ठाउँ विकसित हुँदै आएको छ, जसलाई शिव शनि धाम भनेर चिनिन्छ । चुरिया पर्वतमालाको यस भूभागमा रूपनीमाई, अग्निसाइर, कृष्णाराम मरौटीजस्ता देवस्थल र लोकदेवस्थलहरू धेरै पहिलेदेखि नै रहेका छन् । पछिल्लो समय शिव शनि धाममा भक्तजनको भीड दिन प्रतिदिन बढ्दो छ ।

सप्तरीको मध्य उत्तरी क्षेत्र साविकको तेरहौता गाविस–५ र हालको रूपनी गाउँपालिका–६ अन्तर्गत पर्ने चुरे फेदी दुधैला खोलासँगैको डाँडामा शिव शनि धाम रहेको छ । पूर्व–पश्चिम राजमार्गमा रूपनीदेखि पूर्वतर्फ पाँच किलोमिटर गएपछि वीरेन्द्रबजार आउँछ । वीरेन्द्रबजारको पश्चिमी भाग र मध्यभागबाट गरी दुईवटा बाटो शिव शनि धामतर्फ गएको छ, जुन दुधैला खोला किनार पुगेर आपसमा गासिन्छ । दुधैला खोलालाई पटक–पटक पार गर्दै वा खोलैखोला भएर तीन चार किलोमिटर हिँडेपछि शिव शनि धाम पुग्ने गरिन्छ ।

दुधैला खोला कहिल्यै सुक्दैन; धेरथोर पानी जहिले पनि रहन्छ । वीरेन्द्रबजारबाट शिव शनि धामतर्फ जाने दुइटै बाटाको मुखमा ठूलो पक्की द्वार निर्माण गरिएको छ । पूर्वका आगन्तुक पूर्वीद्वार र पश्चिमका आगन्तुक पश्चिमीद्वारबाट प्रवेश गर्न सकिने भए पनि पश्चिमी द्वारबाट जाने बाटोलाई मूलबाटोको रूपमा विकास गर्न लागिएको छ ।

राजमार्गदेखि दुधैला खोलासम्म खण्डस्मित भइसकेको छ भने ठाउँठाउँमा कालोपत्रेसमेत भइरहेको छ । दुधैला खोलामा पुरानो डाइभर्सनसँगै पक्की पुल निर्माणाधीन छ । यो पुल बनेपछि शिव शनि धामको तीन–चार किलोमिटर लामो बाटो एक किलोमिटरमा छोट्टिने छ । शिव शनि धाममा बिजुली पुऱ्याउने काम पनि धमाधम भइरहेको छ । शिव शनि धामको पर्यटकीय पूर्वाधारको विकासमा नेपाली सेनाले पनि धेरै काम गरेको छ । यहाँ आसपासमा सेनाको चाँदमारी पोस्ट रहेको छ ।

शिव शनि धाम प्राकृतिक रूपमा नै धर्तीको अद्वितीय अंश हो । कैलाश सदृश्य चुरिया पर्वतको यो शृंखला वानस्पतिक दृष्टिले पनि महत्त्वपूर्ण छ । चुरियाको फेद र दुधैला खोला र धारा खोलाको संगममा कैलाश पर्वतजस्तो गजबको डाँडो छ । यसै टाकुरामा तलदेखि माथि टुप्पोसम्म ठाउँ–ठाउँमा देवीदेवताका आकृतिहरू स्थापना गरिएका छन् । सबैभन्दा माथि शिवको प्रतिमा र वृत्ताकारमा १०८ वटा शिवलिंग स्थापना गरिएका छन् भने त्यसमुनिको स्थानमा शनिदेवको प्रतिमा स्थापित छ । त्यस्तै पार्वती, गणेशसहितको पूर्ण शिव परिवार, नन्दी, भैरव, आदि देवता छन् । यहाँ पञ्चमुखी हनुमान, गोरखनाथ, प्रेतराज, नागराज, नवग्रह, महाकालेश्वर, शिव परिवार देवताहरूका मूर्ति पनि राखिएका छन् ।

राजा शलहेश, दिनाभद्रीजस्ता लोकदेवलाई पनि समावेश गरिएको पाइन्छ । दुधैला खोलालाई नाघेर शिव शनि धामको द्वार र परिसरमा प्रवेश गर्न सकिन्छ । तीर्थस्थलमा नियमित पूजापाठका लागि पुजारीहरू पनि बस्दछन् । शिव शनि धाममा हरेक सोमबार र शनिबार भक्तजनको भीड हुन्छ । शनिदेवको दर्शन गर्नाले ग्रहशान्ति हुने विश्वास छ । देशकै ग्रहदशा शान्त गर्न र मानव जीवनको कल्याणका लागि समय–समयमा यज्ञ, अष्टयामलगायतका अनुष्ठानसमेत आयोजना गरिन्छन् । करिब २५ वर्षअघि सत्यनारायण साह नामक एक धर्मभिरुले शनिदेवको उक्त शिला स्थापना गरेको बताइन्छ । उक्त शिलाको कारणले उक्त स्थानको नाम शिव शनि धाम भनी प्रचार हुन थाल्यो ।

नव ग्रहमध्येका एक देवता शनिदेव (शनिग्रह) को उपासनाको आधार र कारणबारे पनि परिचित हुन थालेका छन् । शनिदेवद्वारा नै हाम्रो सांसारिक जीवनको कार्यक्षेत्र वा कर्मजीवन सञ्चालित भएको मानिन्छ । मानिसको जन्मकुण्डलीको दशम भावलाई कर्म, पिता र राज्यपक्षको प्रतीक मानिन्छ भने एकादश भावलाई आय र राज्यसुखको भाव मानिन्छ । त्यसैले कर्म, सत्ता र आयको प्रतिनिधि ग्रह भएका कारणले जन्मकुण्डलीमा शनिको स्थान महत्त्वपूर्ण मानिन्छ ।

शनिदेवलाई न्यायको देवता मानिन्छ । शनिदेवले राम्रो काम गर्नेलाई राम्रो र नराम्रो काम गर्नेका लागि नराम्रो फल दिन्छन् । दोषपूर्ण कर्मका कारण मानिसको जीवनमा शनिदोष प्रत्यक्ष हुन्छ । शनिदोष भएका व्यक्तिले शनिदेवको उपासना गरी आफ्नो जीवनलाई दोषरहित बनाउन सक्छन् । शनिदेवको पूजापश्चात् भगवान हनुमानको पूजा गर्ने चलन छ ।

जुवा खेल्ने, सट्टेबाजी गर्ने, रक्सी पिउने, ब्याज दिने, व्यभिचार गर्ने, अप्राकृतिक यौन सम्बन्ध राख्ने, झूठा गवाही दिने, निर्दोष मानिसलाई यातना दिने, माता, पिता र गुरुको अपमानजस्ता कार्य गर्नाले शनिदोष उत्पन्न हुन्छ । शनिदोष भएका व्यक्तिले जीवनमा दुःख, कष्ट, क्षति, विफलता आदिको सामना गर्नुपर्छ । त्यसैले आममानिस शनिदेवसँग भयभित रहन्छन् । तर जागरुक मानिस शनिदेवप्रति श्रद्धा र विश्वास राखेर उनको उपासना गरेर आफ्नो नराम्रा कर्मप्रति प्रायश्चित गरेर दोषमुक्त भएपछि शनिदेवको कृपाप्राप्त गर्छन् । जीवन दुःख, कष्ट, पीडा, विफलताबाट मुक्त हुन्छ ।

पुराणहरूमा शनि ग्रहप्रति अनेक आख्यान देखिन्छन् । शनिदेवलाई सूर्यपुत्र एवं कर्मफल दाता मानिन्छ । शनिलाई पितृशत्रु पनि भनिन्छ । शनि ग्रहको विषयमा अनेक भ्रम फैलिएको छ । शनिलाई मारक, अशुभ र दुःख कारक मान्नेहरू छन् । तर शनि मारक, अशुभ र दुःख कारक होइनन् । शनिदेव शत्रु होइनन्, मित्र हुन् । मोक्ष प्रदान गर्ने एकमात्र शनि ग्रह नै हो । शनिले प्रकृतिमा सन्तुलन उत्पन्न गर्दछ । प्रत्येक प्राणीका साथ उचित न्याय गर्दछ । जसले अनुचित, विषमता र अस्वाभाविकतालाई आश्रय दिन्छ, शनि केवल उसैले दण्डित (प्रताडित) गर्दछ । जसले जीवनमा सद्कर्म गर्दछ, उसलाई शनिले शुभ योग प्रदान गर्दछ ।

वीरेन्द्रबजारदेखि करिब तीन–चार किलोमिटर उत्तर दुधैला खोला र धारा खोलाको संगममा अवस्थित प्रसिद्ध शिव शनि धाममा दर्शन गर्नका लागि सप्तरी, सुनसरी, सिरहा जिल्लाबाट ठूलो संख्यामा भक्तजन आउँछन् । धाममा अहिले हुँदै गरेको पूर्वाधार विकासले धार्मिक पर्यटक बढ्दै जाने सम्भावना छ । यस क्षेत्रको पूर्वाधारको विकासमा पूर्व–पश्चिम राजमार्ग तथा रूपनी–राजविराज सहायक मार्गको त ठूलो योगदान रहने नै छ त्यसमा वीरेन्द्र बजार–तेरहौता–राजविराज–फकिरा हुँदै भारतीय सीमासम्म बन्ने सडकलेसमेत ठूलो सहयोग गर्ने देखिन्छ । उक्त सडक निर्माण भएपछि राजविराजबाट १० किलोमिटर टाढा रहेको पूर्व–पश्चिम राजमार्गसँगको दूरी घटेर छ किलोमिटरमा पुग्ने बताइन्छ ।

नव ग्रहहरूको कक्ष क्रममा शनि सूर्यदेखि ८८ करोड ६१ लाख माइल दूरीमा पर्दछ । पृथ्वीदेखि शनिग्रहको दूरी ७१ करोड ३१ लाख ४३ हजार माइल छ । शनि ग्रहको व्यास ७५ हजार १०० माइल छ । शनिग्रह छ माइल प्रतिसेकेण्डको गतिबाट साढे २१ वर्षमा आफ्नो कक्षमा सूर्यको परिक्रमा पूरा गर्दछ । शनि ग्रहको सतहको तापमान २४० फ ारनहाइट छ । शनिग्रहको चारैतिर सातवटा वलय (ग्यासका घेरा) छन् । शनिग्रहको १५ वटा चन्द्रमा छ, जसको प्रत्येकको व्यास पृथ्वीभन्दा निकै बढी छ । शनि मूलरूपमा ग्रह नै हो, जसलाई हामी भगवान मान्दछौं ।

'ब्रह्मा मुरारी त्रिपुरान्तकारी भानु शशि भूमिसुतो बुधश्च । गुरुश्च शुक्र शनि राहुकेतवः कुर्वन्तु सर्वे मम सुप्रभातम् ।' भनेर नवग्रहकै पूजा गरिन्छ । नवग्रहमा सूर्य, बुध, शुक्र, पृथ्वी, चन्द्रमा, मंगल, गुरु, राहु, केतु पर्दछन् । चन्द्रमा, राहु र केतुलाई ग्रहको वैज्ञानिक परिभाषाअनुसार ग्रह मानिँदैन । मानिसको जीवनमा चन्द्रमा, राहु र केतुको पनि विशेष प्रभाव पर्दछ । सनातन धर्मको यो विशेषता हो कि उसले सम्पूर्ण प्रकृतिलाई समग्रमा र प्रकृतिका हिस्साहरूलाई अंशको रूपमा पृथक अस्तित्व स्वीकार गर्दछ र उसको विशिष्ट स्वभावको आधारमा उसको उपासना गर्दछ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।' राजदरवारबाट निर्णय नै नभई नन्दको वधका कारण विद्रोहले थाहा भएन कहाँबाट यो उब्ज्यो, जसले विरोधको आगोलाई बढाइरहेको छ ।

हुँ ... हुँकार गर्दै चाणक्य गम्भीर भए- 'यो सबै राक्षसको योजना हो । चन्द्रगुप्त देख्यौ वास्तविक जित अझै टाढा छ', भन्दै त्रिनेत्रसँग भने- 'विरोध शान्त पार्नलाई के प्रयत्न भयो ?'

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।' यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।'

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए । चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।' क्रमशः

## पत्र-मञ्जुषा

# सहरीकरणले भित्र्याएको विकृति

मुलुकभर वा काठमाडौं उपत्यका भएका खोलाहरू आजभन्दा पाँच दशकअघि निकै सफा थियो । सर्वसाधारणले आफ्नो घरायसी प्रयोजनदेखि पिउनका लागिसमेत खोलाकै पानी प्रयोग गर्दथे । गाईवस्तुले पनि त्यही खोलामा गएर पर्याप्त पानी पिउँथे । तर, पछिल्लो केही वर्षयता उपत्यकामा भएका खोलाहरू निकै फेहोर छ ।

खोलामा पानी त छ तर केही कामको निम्ति प्रयोग गर्नेजस्तो छैन । हिउँदमा होस् या बर्खामा उपत्यकाको खोला कहिले साङ्लो भएको देख्न पाइँदैन । हामी मानव जातिको कारण भएका जति खोलानाला सबै प्रदूषित भए । पहिले बग्दा यही पानी खानलायक थियो, अहिले सुँघ्नलायक पनि छैन ।

बढ्दो अव्यवस्थित सहरीकरणको कारण सबै खोलानालामा फेहोर मिसियो । ढलसमेत खोलामै ल्याएर मिसाइएको छ । खोलानाला छेउछाउ फेहोरको डंगुर थुपारिएको देख्न सकिन्छ । कुनै जीवजन्तु वा चराचुरूङ्गीले त्यो पानी खायो भने उनीहरूको प्राणन्त हुन्छ । पछिल्लो समय खोला कब्जा गरेर सुकुम्बासीको नाममा मानिसहरू खोला छेउछाउ बसिरहेको छन् ।

खोला मासेर, सरकारी जग्गा कब्जा गरेर, खोलालाई दूर्गन्धित बनाएर उनीहरू बसिरहेका छन् । वास्तवमै सुकुम्बासी नभएकाहरूले ढोंग गर्न र सरकारबाट सान्त्वाना पाउन खोला छेउछाउ आएर बसेका हुन् । लाजिम्पाटको उत्तरढोका गैरिधारा हुँदै जय नेपाल हल भएर बागबजार-भृकुटीमण्डप बग्ने खोला मासेर घर बनाइएको छ । भृकुटीमण्डप र लाजिम्पाटमा खोला भेटिन्छ तर अन्य क्षेत्रको खोला मासेर घर बनाइसकिएको छ । खोला मासेर आफ्नो नाममा दर्ता गरेर घर बनाउनेलाई सरकारले कारबाही गरेको छैन । यता, भएका खोलाहरूको पनि उचित हेरचाह र सरसफाइमा सरकारी निकाय बेपरवाह देखिन्छ ।

जनताले खाइनखाइ तिरेको कर र विदेशीबाट लिएको ऋणबाट खोला सफा गर्ने भनेर घोषणा भयो । हरेक हप्ताको शनिबार खोला सरसफाइ गर्ने भनिएको थियो । एकदुई दिन सबैले तातेकोजस्तै गरे, सफा गरेको नाटक देखाए । अर्को दिनदेखि फेरि उस्तै । खोला सफा नभए पनि अर्बौं रूपैयाँ सखाप भयो ।

तर, खोलानालामा भएको प्लास्टिक अहिले पनि उस्तै छ । पानी जस्ताको तस्तै छ, अलिकति पनि सङ्लिएको छैन । जनताले तिरेको कर यी अभियन्ता र सरकारकै मिलोमतोमा झ्वाम पारियो । सरकारले उपत्यकाबाट निस्किने फेहोरको सही तरिकाले विसर्जन गर्न नसक्दा खोलानाला निकै प्रदूषित बनेको छ ।

बढ्दो सहरीकरणले हामी मानव जातिलाई सकस भएको छ भने चराचुरुङ्गी मारमा परेका छन् । सहरीकरणले चराचुरुङ्गी पनि लोप हुँदै जान थाले । स्थानीय निकायले नक्सा पास गर्ने बेलामा चराचुरुङ्गी बस्ने ठाउँको निर्माण गर्नुपर्छ भनेर निति ल्याउन जरुरी छ ।

सरकारले अब बनाउन चाहेर पनि उपत्यका सुन्दर बन्न सक्दैन । सरकारले एउटै काम गऱ्यो, नक्सा पास गर्न दिने, घर बनाउने अनि ढल ल्याएर खोलामा मिसाउने । सरकारले पहिल्यै सोचेको भए आज काठमाडौं यस्तो अवस्थामा आउने थिएन । सहरीकरणले विकृतिबाहेक अरू केही ल्याएन ।

*- रामचन्द्र निरौला, ललितपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसल( ई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘संघीय सरकारले कानुन नबनाउँदा प्रदेश अप्ठ्यारोमा’

■ प्रभाव संवाददाता

**गण्डकी–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अधिकार र कानुन नहुँदा चाहेर पनि काम गर्न नसकिएको बताएका छन् । प्रदेश विकास समस्या समाधान समितिको आठौं बैठक एवं आव २०८०/८१ को प्रथम चौमासिक प्रगति समीक्षा कार्यक्रमलाई बुधबार पोखरामा सम्बोधन गर्दै उनले प्रदेशलाई काम गर्न बनाइएका कानुन कार्यान्वयनका लागि संघीय सरकारले बनाउनुपर्ने कानुन निर्माण नहुँदा समस्या भएको बताए ।

‘कानुन निर्माणमा माथिबाट सहजीकरण गरिदिनुपर्ने आवश्यकता छ, संघीय सरकारले बनाउनुपर्ने कानुन नबनाएका कारण प्रदेश र स्थानीय सरकारले काम गर्न अप्ठ्यारो परेको छ,’ उनले भने । संघले कानुन नबनाउँदा प्रदेशले गाली खानुपरेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, जग्गा प्राप्ति ऐन, शिक्षा ऐन आउला भन्ने आशा लागेको तर संघीय सरकारबाटै यी विषय कार्यान्वयन नभएको गुनासो गरे । ‘संघीयताको नाममा प्रदेशले यो भन्दा बढी गाली खाने अवस्था अब रहँदैन, चाहँदाचाहँदै अधिकार र कानुन नहुँदा काम गर्न सकिएको छैन,’ उनले भने । यसअघि पोखरामा सम्पन्न राष्ट्रिय समस्या समाधान समितिको बैठकमा उठेका विषय केही समाधान भएको र धेरै बाँकी रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले छ महिनाभित्र कार्यान्वयन हुनुपर्ने विषय हुन्छ कि भन्ने आशा रहेको बताए ।

संघीय सरकारले कानुन निर्माण गरिदिनुपर्नेमा जोड दिँदै उनले संविधानअनुसार एकल र साझा अधिकारको सूचीमा लेखिएको कुरालाई कानुन बनाएर लिपिबद्ध गरी अधिकार बाँडफाँट गर्दामात्रै संघीयता ‘सिस्टम’ मा जाने बताए । संघ सरकार र संघीय सांसदले पनि प्रदेशलाई बनाइदिनुपर्ने कानुन निर्माणमा सहजीकरण नगरेको उनको गुनासो छ ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, सचिव बद्रीनाथ अधिकारी, विभिन्न मन्त्रालयका सचिवले प्रदेशस्तरका आयोजना कार्यान्वयनमा कतिपय संघीय कानुनले अवरोध सिर्जना गर्दा आयोजना समयमा नै सम्पन्न हुन नसकेको लगायतका विषयमा बोलेका थिए ।

# अव्यवस्थित बिजुलीका खम्बाले राजमार्गमा जोखिम

**कञ्चनपुर–** पूर्व-पश्चिम राजमार्ग चौडा गर्ने क्रममा शुक्लाफाँटा नगरपालिका क्षेत्रका बिजुलीका खम्बा व्यवस्थापन नगर्दा दुर्घटनाको उच्च जोखिम बढेको छ । राजमार्गको झलारी बजार क्षेत्रमै राखिएको २०० केभिएको ट्रान्सफर्मर जमिनभन्दा दुई फिटमात्रै माथि रहेको छ । ट्रान्सफर्मरका तारमा यात्रु, घरपालुवा जनावर वा सवारीसाधनले छोए करेन्ट लागेर दुर्घटना हुने सम्भावना छ ।

राजमार्ग चौडा गर्ने क्रममा माटो भर्दा खम्बामा राखिएको ट्रान्सफर्मर जमिनमै छुने अवस्थामा पुग्दा पनि सम्बन्धित निकायले सुरक्षाका लागि चासो नदेखाएको स्थानीयवासी गणेशबहादुर ऐरले बताए । ‘पटक-पटक जनप्रतिनिधि र सम्बन्धित निकायको ध्यानाकृष्ट गर्दा पनि खम्बा व्यवस्थापन गर्ने कार्य अगाडि बढाइएको छैन,’ उनले भने, ‘ट्रान्सफर्मरका नांगो तारमा छोएमा जुनसुकै बेला पनि अप्रिय घटना हुनसक्छ ।’

पूर्वनगर प्रमुख दिलबहादुर ऐरले सडकमै छोइने गरी टाँगिएका तार, पोल र ट्रान्सफर्मर व्यवस्थापनको कार्य तत्काल गरिनुपर्नेमा जोड दिए । ‘जनप्रतिनिधिसँगै सम्बन्धित निकायले नगरवासीको सुरक्षालाई ध्यान दिँदै सडक क्षेत्र सुरक्षित बनाउनुपर्छ,’ उनले भने, ‘दुर्घटना निम्तिनुअघि नै सडक क्षेत्रलाई सुरक्षित गरिनुपर्छ ।’ राजमार्गको बनसमितिदेखि कलुवापुर क्षेत्रसम्मका एक दर्जनभन्दा बढी बिजुलीका खम्बा व्यवस्थित गर्नुपर्ने अबस्थामा रहेको पूर्वनगरप्रमुख ऐरको भनाइ थियो ।

सडक क्षेत्रमा गाडिएका खम्बा व्यवस्थापन नगरे करेन्ट लागेर हुने दुर्घटना एकातर्फ छ भने अर्कोतर्फ पोलमा सवारीसाधन ठोक्किएर हुने दुर्घटनाको जोखिमसमेत उत्तिकै रहेको उनले बताए । नेपाल विद्युत् प्राधिकरण महेन्द्रनगर वितरण शाखाका प्रमुख चुटुककुमार श्रीवास्तवले सडक क्षेत्रमा रहेका बिजुलीका खम्बा सार्ने कार्य सडक डिभिजन कार्यालयको रहेको बताए ।

‘सडक डिभिजन कार्यालयलाई बजेटको व्यवस्थापनका लागि भनेका छौं, मानेकै छैन,’ उनले भने, सडक चौडा गर्नुभन्दा पहिला नै हामीसँग सम्पर्क गरेको भए योजना राख्न सकिन्थ्यो, सडकले बजेट छुट्याएन, पोल सार्ने बजेट हामीसँग पनि नहुँदा कार्य रोकिएको छ ।’

सडक डिभिजन कार्यालय कञ्चनपुर शाखाका सूचना अधिकारी तारानाथ सिग्देल सडकको क्षेत्राधिकार ५० मिटरभित्र बिजुलीका खम्बा गाड्नै नपाउने नियम रहेको बताए । जोखिम भएपछि प्राधिकरणले नै ट्रान्सफर्मरलाई सुरक्षित गर्ने र पोल सार्ने काम गर्नुपर्ने उनको भनाइ थियो । *रासस*

# कार्यान्वयनमुखी ऐन बनाउन विज्ञको सुझाव

**गण्डकी–** गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिमा छलफलमा रहेको गण्डकी प्रदेशमा बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई कार्यान्वयनमुखी बनाउनुपर्नेमा कृषि क्षेत्रका विज्ञले सुझाव दिएका छन् ।

बुधबार बसेको समितिको बैठकमा राष्ट्रिय बीउबिजन समितिका पूर्वसदस्य सचिव मदन थापाले उन्नत, सुलभ र गुणस्तर युक्त बीउबिजन किसानलाई आपूर्ति गर्नेगरी ऐनमा नीतिगत व्यवस्था गर्नुपर्ने बताए । ‘स्थानीय र रैथाने बालीको पनि संरक्षण र प्रवर्द्धन गर्नु आवश्यक छ,’ उनले भने, ‘बीउबिजनको उत्पादन, उपलब्धता र माग आपूर्तिको सुनिश्चिता गर्नुपर्छ ।’ बीउबिजन संवदेनशील हुने हुँदा ऐन बनाउँदा सरोकार भएका पक्षसँग सघन छलफल गरेर मात्र निचोडमा पुग्नुपर्ने उनले उल्लेख गरे ।

संघीय बीउबिजन ऐन बनिसकेकाले सोहीलाई मूल आधार मानेर प्रदेश सरकारले आफ्नो अनुकूलताको ऐन ल्याउनुपर्ने थापाले बताए । बालीविज्ञ बेनीबहादुर बस्नेतले विधेयकमा घरायसी तथा व्यक्तिगत प्रयोजनका लागि मूल र स्रोत बीउबिजन उत्पादनमा लागि अनुभूति लिनुपर्ने व्यवस्था राख्न सुझाव दिए ।

‘प्रदेश र या कुनै निश्चित क्षेत्रका लागि सिफारिस नगरिएका बीउका जात बेच्न नपाइने र कसैले बेचेको भेटिएमा जफत गर्न सकिने कानुनी प्रबन्ध गर्नुपर्छ,’ उनले भने, ‘बीउबिजनको विषय खाद्यसुरक्षाको सुनिश्चितासँग पनि जोडिएको विषय भएकाले यसमा सरकारको पनि विशेष ध्यान जानु आवश्यक छ ।’

राष्ट्रिय बीउबिजन कम्पनीका पूर्वकेन्द्रीय अध्यक्ष बालकृष्ण गिरीले ऐनलाई चुस्त र व्यवहारिक बनाउनुपर्ने धारणा राखे । उनले विधेयकले व्यवस्था गरेको प्रदेश बीउबिजन समितिको आकार घटाउन सुझाव दिए । विधेयकमा सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा ११ सदस्यीय समितिको व्यवस्था गरिएको छ ।

गिरीले बीउबिजनको भण्डारणको विषयलाई पनि ऐनमा प्रस्टरूपमा उल्लेख गर्नुपर्ने उल्लेख गरे । ‘प्रदेशस्तरको बीउबिजन भण्डारण या बैंक चाहिन्छ, उत्पादनसँगै त्यसको भण्डारणको विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ,’ उनले भने । बीउबिजन उत्पादनदेखि भण्डारणसम्मका काममा खटिने व्यक्तिलाई सीप र प्रशिक्षण दिनुपर्ने गिरीले बताए । उनले स्थानीय तहस्तरमा सामुदायिक बीउबिजन बैंकको स्थापना गर्न सकिने सुझाव दिए ।

समितिका सदस्य विन्दुकुमार थापाले स्थानीय र रैथाने जातका बाली हराउन लागेको भन्दै तिनको संरक्षण गर्ने योजना ल्याउनुपर्ने उल्लेख गरे । उनले कृषि पेसामा युवापुस्ताको आकर्षण बढाउन रोजगारी सिर्जनाको वातावरण बनाउनुपर्ने बताए । कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज खड्काले कृषिको उत्पादकत्व बढाउन बीउबिजनको मुख्य भूमिका रहेको बताए । उनले बीउबिजनमा देशलाई नै आत्मनिर्भर बनाउन कृषिमा लगानी बढाउनुपर्ने धारणा राखे ।

‘कृषि क्षेत्रमा अझै पनि थुप्रै चुनौती छन्, प्रदेशको कृषि क्षेत्रको स्पष्ट मार्गचित्र के हो भन्नेमा हामी नै अन्योलमा छौं,’ मन्त्री खड्काले भने, ‘अब आउने आर्थिक वर्षदेखि कृषिको नीति र कार्यक्रममा व्यापार सुधार ल्याउने गरी मन्त्रालयले काम गर्छ, अहिले रहेको कृषिको छ प्रतिशत बजेटलाई पनि बढाउँछौं ।’

समितिका सभापति फणीन्द्र देवकोटाले विज्ञका सुझावलाई ग्रहण गरेर विधेयकलाई थप परिमार्जन गरेर प्रदेशसभामा लगिने बताए । उनले समितिको आगामी बैठकमा सरोकार भएका पक्षसँग विधेयकबारे छलफल गरिने उल्लेख गरे । बैठकमा समितिका सदस्य, दिलमाया पौवी, वेदबहादुर गुरुङ, भक्तबहादुर कुँवरलगायतले विधेयकमा समेट्नुपर्ने विषयमा सुझाव राखेका थिए । *रासस*

नेपाल सरकार
रक्षा मन्त्रालय
**नेपाली सेना**
श्री दुर्गाबक्स गर्ण, ओखलढुङ्गा व्यारेक, ओखलढुङ्गा

**E-GP शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

सूचना नं. NA/DBBN/080/81/02
(दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/२८ गते)

१. यस गणको लागि आ.व.०८०/८१ मा पानी ट्याङ्की निर्माण गर्नको लागि नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरुले e-GP मार्फत दरभाउ पत्र पेश गर्न यो शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | दस्तुर (फिर्ता नहुने) | जमानत र कम रु. | जमानत मान्य हुने अवधि | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | कै |
|---|---|---|---|---|---|---|
| ५०००० लिटर पानी ट्याङ्की | रु.१०००।०० | ४०,०००।०० | ७५ दिन | २०८० साल पौष १३ गतेको १२:०० बजे | २०८० साल पौष १३ गतेको १३:०० बजे | |

२. उक्त दरभाउ पत्र सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस गणको टेलिफोन नं. ०३७-५२०२०० मा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHAIRAT AL BANDARIYA TRADING COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/२७ LT. No. 296398 चलानी नं. ६०२११४७६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | food and beverage counter worker | 3 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम इजाजत नं. १०००/०६८/०६९

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : S.C. METAL SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०३/२१ LT. No. 288987 चलानी नं. ६०२०४२७०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४२,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यो विज्ञापन LT No. 288987 मितिः २०८०/०८/२७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैले
सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MISFER ALI AL-KARBI CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/०८/२६ LT. No. 296156 चलानी नं. ६०२११४००

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MINHAJ TRADING CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ LT. No.291297 चलानी नं.: ६०२०६६४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 3500 | १२८,०५० | | | | | | | |
| 5 | General Clean Worker | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 7 | Plaster Worker | 13 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 8 | Supervisior | 1 | 0 | 3500 | १२८,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**
Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910, 9851056806
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUILDING BRIDGES LOGISTICS COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ LT. No. 295279 चलानी नं. ६०१९०३२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/७४/७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MAJED KHALED AL DOSSARY GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/०८/२६ LT. No.296410 चलानी नं. ६०२११४४५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Road maintenance worker | 3 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NABAA SHALLAL WATER DESALINATION CORPORATION
पूर्व स्वीकृति मिति : २०८०/०८/२७ LT. No. 296432 चलानी नं. : ६०२११४५७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU MUSCAT HYPERMARKET L.L.C.
पुर्व स्वीकृति मिति २०८०/०८/२६ LT. No. 296326 चलानी नं. ६०२११४३७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OMR | ने.रू. | | | | | | | |
| 1 | Commercial Promoter | 2 | 0 | 130 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क ।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. २३५/०५८/०५९

प्रभाव दैनिक




### 'अवतार'मा पल शाह र वर्षा

'भैरे' निर्देशक एभरेष्ट सूर्य बोहाराले नयाँ फिल्म 'अवतार' निर्माण तयारीमा छन् । फिल्मको मुख्य भूमिकामा अभिनेता पल शाह र अभिनेत्री वर्षा राउत देखिने भएका छन् । निर्देशक बोहोराले फिल्मको मुख्य भूमिकामा पल र वर्षा फाइनल भएको बताए । 'नाइँ नभन्नू ल ४'बाट एकसाथ अभिनयमा डेब्यू गरेका पल र वर्षाको फिल्ममा यो दोस्रा सहकार्य हुन लागेको हो । यसअघि फिल्म '२ नम्बरी'मा सहकार्य भएको थियो । दुवैले केही प्रतिशत छायांकन समेत गरेका थिए । पल बलात्कारको आरोपमा हिरासत गएपछि फिल्मका कलाकार परिवर्तन भयो । 'अवतार'को छायांकन वैशाखबाट गर्ने योजना निर्देशक बोहोराको छ ।



बिहीबार, २८ मंसिर २०८० (Thursday, December 14, 2023)

# अमेरिकाबाट फर्किइन् दीपिका



■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकाको एल साल्भाडोरमा हालै सम्पन्न 'मिस युनिभर्स २०२३' मा नेपालबाट प्रतिनिधित्व गर्दै टप २० मा पर्न सफल जेन दीपिका ग्यारेट मङ्गलबार राती नेपाल आईपुगेकी छिन् । दीपिकालाई त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलमा सचेतनाका निर्देशक सरोज ओझाले राष्ट्रिय झण्डा ओडाएर, बुकि, माला र खादासहित उनको स्वागत गरे ।

उनलाई स्वागत गर्न दीपिकाका परिवारका सदस्य, शुभेच्छुक विमानस्थल पुगेका थिए । निर्देशक ओझाले दीपिकालाई स्वागत गर्दै उनले नेपालको नाम विश्व सामु चर्चामा ल्याउन सफल भएकामा धन्यवाद दिएका थिए ।

दीपिकाले नेपालको प्रतिनिधित्व गर्दै 'मिस युनिभर्स' जस्तो प्रतिष्ठित अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुन पाउँदा आफूलाई गर्व महशुस भएको बताईन । उनले प्लस साइज मोडलको रूपमा अन्तर्राष्ट्रिय मिडियामा आफूले पाएको चर्चा र नेपाली मिडियाहरूले दिएको स्थानको सम्मान गर्न चाहेको जनाइन् ।

'मिस युनिभर्स २०२३' मा सहभागितासँगै दीपिकाले 'प्लस साइज मोडल'को रूपमा अन्तर्राष्ट्रिय मिडियामा चर्चा बटुली रहेकी छिन् । २३ वर्षिया दिपिकाले मानसिक स्वास्थ्य, सकारात्मक सोच र हर्मोनल स्वास्थ्यको पक्षमा आफ्ना धारणा राख्दै आएकी छन् । दीपिकाले 'एसियन पेण्टस् मिस युनिभर्स नेपाल २०२३' को विजेता बन्दै 'मिस युनिभर्स २०२३' मा सहभागिता जनाएकी थिईन् । 'मिस युनिभर्स २०२३' को उपाधि निकारागुआकी शेनिस पालासियोसले जितेकी थिइन् । प्रतियोगितामा थाइल्याण्डकी एन्टोनिया पोर्सिल्ड 'फस्ट रनरअप' र अष्ट्रेलियाकी मोराया विल्सन 'सेकेन्ड रनरअप' भएका थिए ।

उनलाई हौसला प्रदान गर्न 'मिस युनिभर्स नेपाल'की राष्ट्रिय निर्देशक नग्मा श्रेष्ठ एल साल्भाडोर पुगेकी थिईन् । 'यस वर्ष शीर्ष २० अर्थात सेमिफाइनलसम्म पुग्नुलाई महत्वपूर्ण उपलब्धीका रूपमा लिएका छौं र हाम्रो लक्ष्य आगामी बर्षहरूमा नेपालका लागि मिस युनिभर्स जित्नु रहेको छ' नग्माले भनिन् ।

# 'द फेस नेपाल'को चौथो संस्करणको तयारी धमाधम

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'द फेस नेपाल'को चौथो संस्करणको धमाधम तयारी भईरहेको छ । यु क्यान फ्लाई फेसन प्रालिले विगत चार वर्षदेखि आयोजना गर्दै आएको 'द फेस नेपाल' चौथो संस्करणका लागि १६ जना सहभागी छनोट भएको जनाइएको छ ।

छनौट भएका प्रतियोगीहरूलाई १ महिनादेखि प्रशिक्षण दिइँदै आएको छ । प्रतियोगीहरूको व्यक्तित्व विकास, हिँडाई, आत्मविश्वासको वृद्धि, शृंगारलगायतका बारेमा उनीहरूलाई प्रशिक्षण दिइरहेको पनि जनाइएको छ ।

इभेन्टका लागि नमुना कलेज अफ फेसन टेक्नोलोजी, शगुन ज्वेलरी, इलारा क्लिनिक, स्वीकृति, खत्री, कुशाकोलोजी, आरजु क्लथिङ, माक्सिम बैंक्वेट, इलाईट हस्पिटालिटी, सुजन शट्स, ट्याक रेष्टुरेन्ट, केज फिटनेस, तावा स्टुडियो, मस्कल बिजको प्रायोजन र सहकार्यमा हुने उक्त इभेन्टको मिडिया पार्टनरको रूपमा प्रभाव राष्ट्रिय दैनिक रहेको छ । साथै कम्पनीले आफ्नो मनपर्ने प्रतियोगीलाई खल्तीको एप प्रयोग गरेर भोटिङ गर्न सकिने समेत जनाएको छ । ि

वगत चार वर्षदेखि मोडलिङको क्षेत्रमा काम गर्दै आएको कम्पनीले तेस्रो सिजन हालै सम्पन्न गरेको थियो । होटल सोल्टीमा सम्पन्न तेस्रो सिजनको फाइनलका लागि देशबाहिरबाट निर्णायक भित्र्याएको थियो भने मिस्टर वर्ल्ड रोहित खण्डेलवालको पनि उपस्थिति रहेको थियो ।

## राना प्रधानको गीत 'सुस्त सुस्त'

**काठमाडौं (प्रस)–** डा. नारद पोखरेलको शब्द तथा गायिका संगीता राना प्रधानको स्वर रहेको नयाँ गीत 'सुस्त सुस्त' सार्वजनिक भएको छ । लभ एण्ड सपोर्ट फाउन्डेशनको आयोजनामा आयोजित एक कार्यक्रमबिच गीत सार्वजनिक भएको हो ।

गीतको म्युजिक एरेन्जर चन्द सिंह र म्युजिक कम्पोजर मनोज राई रहेका छन् । एसएस रेकर्डिङ स्टुडियो युट्युब च्यानलबाट सार्वजनिक गरिएको गीतको म्युजिक भिडियो पनि छिटै तयार गरिने लभ एण्ड सपोर्ट फाउन्डेशनले जनाएको छ ।

एसएस रेकर्डिङ स्टुडियो युट्युब च्यानलबाट सार्वजनिक गरिएको गीतको म्युजिक भिडियो पनि छिटै तयार गरिने लभ एण्ड सपोर्ट फाउन्डेशनले जनाएको छ । अमेरिकाको नर्थ क्यारोलिनामा प्रधान कार्यालय रहेको फाउन्डेशन नेपाल, भारत लगायतका देशमा पनि सक्रिय रहेको छ । विश्वभर छरिएर रहेका नेपालीहरूका लागि सहयोगी भूमिका निर्वाह गर्ने उद्देश्य रहेको फाउन्डेशनको नेपाल र भारतको सिक्किमस्थित शाखाको संयुक्त पहलमा संगीत क्षेत्रका शिखर पुरुष अम्बर गुरुङको सालिक गत नोबेम्भरमा अनावरण गरिएको थियो ।



एलपिएल क्रिकेट

# एक्सिलेन्स सेन्टर र कैलाली मल्टिपल क्याम्पस विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** कैलालीको धनगढीमा जारि लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) क्रिकेट प्रतियोगिताको बुधबार सम्पन्न दुई खेलमा क्रिकेट एक्सिलेन्स सेन्टर र कैलाली मल्टिपल क्याम्पस विजयी भएका छन् । समूह 'डी' अन्तर्गतको खेलमा एक्सिलेन्स सेन्टरले जेएस स्पोर्टस-११ सुपर स्टार्सलाई र समूह 'बी' अन्तर्गतको खेलमा कैलाली मल्टिपल क्याम्पसले शारदा सेकेण्डरी स्कुललाई हराए ।

पहिलो खेलमा क्रिकेट एक्सिलेन्स सेन्टरले जेएस स्पोर्टस-११ सुपर स्टार्सलाई तीन विकेटले पराजित गर्‍यो । जेएस स्पोर्टस-११ ले दिएको एक सय ३२ रनको लक्ष्य क्रिकेट एक्सिलेन्स सेन्टरले सात विकेट गुमाएर १८.५ ओभरमा पुरा गर्‍यो । क्रिकेट एक्सिलेन्स सेन्टरका लागि योगेश भाटले सर्वाधिक ३० रन बनाए । अर्जुन घर्तीले २२, राजकुमार शाहले २० र सचिन लेखकले १९ रन जोडे । जेएस स्पोर्टस-११ का बलर साजन बिटालुले तीन र विकास सुनारले दुई विकेट लिए । भरत बिस्ट र खगेन्द्र महराले पनि एक-एक विकेट हात पारे ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको जेएस स्पोर्टस-११ सुपर स्टार्सले २० ओभरमा नौ विकेट गुमाएर एक सय ३१ रन बनाएको थियो । जेएस स्पोर्टस-११ का लागि राज बमले अर्धशतकीय योगदान गरे । उनले ६१ रन बनाए । उनले ४९ बलमा चार छक्का र चार चौका प्रहार गरे । विकास सुनारले २२, सुनिल चन्दले १६र साजान बिटालुले १४ रन जोडेका थिए ।

प्लेयर अफ दी म्याच घोषित क्रिकेट एक्सिलेन्स सेन्टरका बलर अभिनाश बस्यालले चार विकेट लिए । उनले चार ओभरमा एक मेडन राख्दै केवल ११ रन खर्चिएका थिए । मनोज यादवले दुई तथा दयानन्द मण्डल र राजकुमार शाहले एक-एक विकेट हात पारे ।

समुह 'डी' बाट यसअघि नै तीनवटै खेलमा जित हात पार्दै सत्यवती एकेडेमी समूह विजेताका रूपमा सेमिफाइनल प्रवेश गरिसकेको छ । क्रिकेट एक्सिलेन्स सेन्टर दोस्रो चरण प्रवेश गर्न असफल रह्यो । उसले तीन खेलमा दुई जित र एक हार ब्यहोर्‍यो ।

दोस्रो खेलमा कैलाली मल्टिपल क्याम्पसले शारदा सेकेण्डरी स्कुललाई दुई रनले पराजित गर्यो । कैलाली मल्टिपलले दिएको एक सय ५० रनको लक्ष्य पछ्याएको शारदा सेकेण्डरी स्कुलले निर्धारित ओभरमा एक सय ४७ रनमात्र बनाउन सक्यो । शारदा सेकेण्डरीका लागि शंकर बोहरा र सुशान्त कार्कीले अर्धशतक बनाए । तर, टोलीको जितका लागि त्यो पर्याप्त भएन । शंकरले ४३ बलमा ६ चौका मद्दतले ५० रन तथा सुशान्तले २८ बलमा दुई छक्का र पाँच चौकाको मद्दतले अविजित ५१ रन बनाए । कैलालीका बलर दीपक कपडेल, लोकेन्द्र खनाल र पारस रोकायाले एक- एक विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको कैलाली मल्टिपल क्याम्पसले २० ओभरमा आठ विकेट गुमाएर एक सय ४९ रन बनाएको थियो । कैलालीका लागि अभिषेक कुँवरले सर्वाधिक ५१ रन बनाए । प्लेयर अफ दी म्याच घोषित उनले ३९ बलमा एक छक्का र पाँच चौका प्रहार गरे । रोशन रावलले २९, लोकेन्द्र खनालले २१ र प्रविणसिंह ठकुरीले १५ रन बनाए ।

शारदा सेकेण्डरी स्कुलका बलर सुनीलबहादुर सिंहले तीन र अभिषेक मल्लले दुई विकेट लिए । सुनील सिंह, विश्वास पन्त र सलिन बोहराले पनि एक-एक विकेट हात पारेका थिए । समूह 'बी' बाट युथ अफ टिकापुर तिनवटै खेलमा जित दर्ता गर्दै यसअघि नै सेमिफाइनल प्रवेश गरिसकेको छ ।

कैलाली मल्टिपल क्याम्पसले तीन खेलमा एक जितमात्र हात पार्न सक्यो । शारदा सेकेण्डरी तीनवटै खेलमा पराजित भयो । प्रतियोगिताको सेमिफाइनल पुग्ने तीन टोलीको टुंगो लागिसकेको छ । समूह 'बी' बाट युथ अफ टिकापुर, समूह 'सी' बाट घोडाघोडी क्रिकेट एकेडमी र समूह 'डी' बाट सत्यवती एकेडेमी सेमिफाइनल प्रवेश गरिसकेका छन् ।

सेमिफाइनल पुग्ने अन्तिम टोलीको टुंगो बुधबार धनगढी स्पोर्ट्स क्लब र खप्तड इन्डोर स्पोर्टस ट्रेनिङ सेन्टरबिचको खेलपछि लाग्नेछ । उक्त खेलमा धनगढी स्पोर्टस क्लब विजयी भएमा सेमिफाइनल प्रवेश गर्नेछ । धनगढी पराजित भएको खण्डमा धनगढी र शुक्लाफांटा ब्ल्याक बक्सबिच नेट रन रेटमा अगाडि रहने टोली सेमिफाइनल प्रवेश गर्नेछ ।

एनएसएल फुटबल

# वीरगञ्जसँग इलाम पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** वीरगञ्ज युनाइटेडले नेपाल सुपर लिग(एनएसएल) मा बुधवार पहिलो जित निकालेको छ ।

दशरथ रंगशालामा भएको पुछारका दुई टोलीबीचको भिडन्तमा खेलको इन्जुरी समयमा पाएको पेनाल्टीबाट डेब्युटेन्ट टोली वीरगञ्जले स्पोर्टिङ इलाममाथि २-१ को जित निकाल्दै जारी दोस्रो सिजन पहिलो तीन अंक बटुलेको हो ।

खेलका रेफ्री कविन ब्यन्जनकारले स्पोर्टिङ इलामका सुरज बस्नेतले फउल गरेको भन्दै वीरगञ्जलाई पेनाल्टी अवसर दिएका थिए । त्ययसँगै इलामका गोलकिपर विकेश कुथू र उनको टोली आक्रामक बने । तनावपूर्ण बनेको खेलमा ९३ औं मिनेटमा पाएको सो पेनाल्टीमा विलियम ओपोकुले गोल गर्दै वीरगञ्जलाई रोमाञ्चक जित दिलाए ।

रेफ्री कविनले अन्तिम सि√ी फुकेसँगै इलामका टोली नै रेफ्रीमाथि जाइलागे । त्यस क्रममा गोलकिपर कुथूले रातो कार्ड सामना गरे । इलामको टोलीको आक्रमण शान्त बनाउन खेलमा रहेका सुरक्षाकर्मीलाई नै हम्मेहम्मे पर्‍यो । स्पोर्टिङ इलामले अग्रता जोगाउन नसक्दा बुधवार वीरगञ्जसँग हारको सामना गर्नुपरेको हो । यो जितसँगै वीरगञ्ज पाँच खेलबाट पाँच अंक बटुल्दै इलामलाई नै पछि पारेर आठौं स्थानमा उक्लियो । स्पोर्टिङ इलाम भने ६ खेलबाट चार अंकसहित पुछारमा झर्‍यो । स्पोर्टिङ इलामले एक जित, एक बराबरी र चार हार सामना गरेको छ ।

त्यसअघि खेलको पहिलो आक्रमणमा नै स्पोर्टिङ इलामले आशिष चापागाईको गोलबाट अग्रता लियो । डिफेन्डर सुरज बस्नेतले दिएको लामो पास नियन्त्रणमा लिएका आशिषले पेनाल्टी क्षेत्रबाटै उत्कृष्ट गोल गरे । १८ औं मिनेटमा फोडे क्यामराले करिब १२ यार्डबाट गोल गर्न सकेनन् । अनमार्क रहेका उनको प्रहार आकासियो । दुई मिनेटपछि नै ओमार थियोमको सट पनि पोस्टको दिशा लिन असफल भयो । २१औं मिनेटमा वीरगञ्जले आक्रमण बुने पनि त्यो सफल हुन सकेन । वीरगञ्ज ३३औं मिनेटमा बिसन गुरुङको गोलबाट खेलमा फर्कियो ।

सुशील लामाको लामो पास नियन्त्रणमा लिने क्रममा उनले अफसाइड बिट गर्दै पेनाल्टी क्षेत्रबाटै गोल गरेका हुन् । चार मिनेटपछि नै सुशील लामाको लामो प्रहार इलामका गोलकिपर विकेश कुथुका लागि समस्या बनेनन् । त्यससँगै पहिलो हाफ १-१ को बराबरीमा सकियो । दोस्रो हाफमा राम्रो अवसर सिर्जना हुन ७१ औं मिनेट पर्खनुपर्‍यो । विलियम ओपोकुको पेनाल्टी बक्स भित्रबाट गोल गर्ने अवसर खेर फाले । उनको प्रहार दोस्रो बार हुँदै बाहिरियो । इन्जुरी समयमा विलियम ओपोकुको पेनाल्टी गोलबाट वीरगञ्जले २-१ रोमाञ्चक जित निकाल्यो ।

# चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि हुने एडिबीको प्रक्षेपण

**मनिला–** एसियाली विकास बैंक (एडिबी)ले एसिया प्रशान्त क्षेत्रका विकासशील अर्थतन्त्रका लागि आफ्नो आर्थिक प्रक्षेपण बढाएको छ। चीनको अर्थतन्त्रमा अपेक्षाभन्दा उच्च वृद्धि भएको एडिबीको प्रतिवेदन बुधबार सार्वजनिक भएको हो।



एसियाली विकास समीक्षा डिसेम्बर २०२३ ले तेस्रो त्रैमासिकमा घरायसी उपभोग र सार्वजनिक लगानीमा वृद्धि गरेपछि चीनको अर्थतन्त्र यस वर्ष ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। क्षेत्रीय अर्थतन्त्र भने यस वर्ष ४.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ। जुन अघिल्लो बर्षको सेप्टेम्बरमा ४.७ प्रतिशतको प्रक्षेपण गरिएको थियो। आगामी वर्षका लागि भने ४.८ प्रतिशत प्रक्षेपण कायम गरिएको छ।

उद्योगमा दोहोरो अंकको वृद्धिसँगै जुलाई-सेप्टेम्बरमा अर्थतन्त्रको अपेक्षितभन्दा धेरै विस्तार भएपछि भारतको वृद्धिको दृष्टिकोण ६.३ प्रतिशतबाट बढेर ६.७ प्रतिशत पुगेको छ। एडिबीको प्रतिवेदनअनुसार चीन तथा भारतको स्तरवृद्धिमा उत्पादन क्षेत्रको कमजोर भूमिका देखापरेका कारण दक्षिणपूर्वी एसियाको प्रक्षेपण प्रभावित भएको हो।

उत्पादित सामानको कमजोर निर्यात तथा न्यून मागका कारण यस वर्ष दक्षिणपूर्वी एसियाको वृद्धिदर ४.६ प्रतिशतबाट घटेर ४.३ प्रतिशतमा झरेको छ। प्रतिवेदनका अनुसार मध्य एसियामा अर्थतन्त्रको दृष्टिकोण थोरै बढेको छ भने प्रशान्त क्षेत्रको अर्थतन्त्रका लागि गरिएका अनुमानहरू सबैजसो अपरिवर्तित छन्।

नतिजा प्रभावित हुनुलाई संयुक्त राज्य अमेरिकालगायत उन्नत अर्थतन्त्रमा लगातार बढेको ब्याज दरहरू जिम्मेवार देखिएका छन्। यसले कमजोर क्षेत्रका अर्थतन्त्रमा उच्च ऋण भएकाहरूमा वित्तीय अस्थिरतामा योगदान पुऱ्याउन सक्छ।

विकसित एसियाले चुनौतीपूर्ण विश्वव्यापी वातावरणको सामनाका बाबजुद पनि बलियो गतिमा वृद्धि भइरहेको एडिबीका प्रमुख अर्थशास्त्री अल्बर्ट पार्कले बताएका छन्। उनका अनुसार यस क्षेत्रमा मुद्रास्फीति पनि बिस्तारै नियन्त्रणमा आउँदै छ। उच्च विश्वव्यापी ब्याजदरदेखि एल निनोजस्ता जलवायु घटनासम्म जोखिमहरू बढ्दै छन्। एसिया तथा प्रशान्त क्षेत्रका सरकार हरूले आफ्नो लचिलो अर्थतन्त्र वृद्धि सुनिश्चित गर्न सतर्क रहनु आवश्यक छ।

चालु वर्षका लागि यस क्षेत्रको मुद्रास्फीति दर अघिल्लो ३.६ प्रतिशतको प्रक्षेपणबाट ३.५ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष ३.५ प्रतिशतको प्रक्षेपणको बावजुद आगामी वर्ष मुद्रास्फीति ३.६ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ।

एल निनो मौसम ढाँचा वा रूस-युक्रेन द्वन्द्वको कारणले हुने सम्भावित खाद्य र ऊर्जाको आपूर्ति अवरोधहरूले पनि मुद्रास्फीतिलाई पुनःजगाउन सक्ने सन्दर्भ प्रतिवेदनमा उल्लेख गरिएको छ। *रासस/सिन्ह्वा*

## 'ऐतिहासिक' जलवायु सम्झौता स्वीकृत भएको घोषणा

**दुबई–** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय फ्रेमवर्क कन्भेन्सनका पक्षराष्ट्रको सम्मेलनको २८औं सत्र 'कोप-२८'का अध्यक्ष सुल्तान अहमद अल जाबेरले संयुक्त राष्ट्रसंघको जलवायु शिखर सम्मेलनका पक्षहरू 'ऐतिहासिक' जलवायु परिवर्तन नियन्त्रणका लागि प्रस्तावित सम्झौतामा सहमत भएको बुधबार घोषणा गरेका छन्।

अल जाबेरले भने, 'यो एक उन्नत, सन्तुलित जलवायुनियन्त्रण कार्यलाई गति दिनका लागि एक ऐतिहासिक दस्तावेज हो। यो युएई सहमति हो।' यस सम्झौतामा जलवायु परिवर्तनसँग जुध्न अनुकूलन, वित्त, लचिलोपन र जीवाश्म इन्धनलगायत अन्य उपायहरू उल्लेख गरिएको छ। कोप-२८ अन्तिम सम्झौताको अघिल्लो मस्यौदामा देखिएको गतिरोधका कारण मङ्गलबार मध्याह्नको आधिकारिक समापन समयभन्दा बढी लम्ब्याइएको थियो। रासस/सिन्ह्वा

## मानवअधिकार संरक्षणका लागि शान्ति र सुरक्षामा जोड

जेनेभा- संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले मंगलबार मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा शान्ति र सुरक्षाको महत्त्वलाई जोड दिँदै सबै उपायहरूले अन्ततः तनाव रोक्न योगदान पुऱ्याउनुपर्ने बताएका छन्। टर्कले मानवअधिकारको विश्वव्यापी घोषणाको ७५औं वार्षिकोत्सवको स्मरणमा आयोजित कार्यक्रममा मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा शान्ति र सुरक्षा पहिलेभन्दा बढी आवश्यक भएको बताएका हुन्।

मानवअधिकारलाई विश्वव्यापी सार्वजनिक हितको संज्ञा दिँदै टर्कले प्रत्येक व्यक्तिलाई शान्तिपूर्णरूपले बाँच्न पाउने अधिकार भएको र यसका लागि विश्वका नेताहरू एक हुनुपर्ने बताए। विश्वका नेताहरूलाई टर्कले मानवअधिकारको केन्द्रमा फर्की योगदान दिन आग्रह गरे। *रासस/सिन्ह्वा*

# धुवाँ आक्रमणका कारण भारतीय संसद् अवरुद्ध, चार जना पक्राउ

**नयाँदिल्ली–** भारतको संसदीय कारबाही बुधबार ठूलो सुरक्षा उल्लंघनपछि अवरुद्ध भएको छ। दुई व्यक्तिले व्यवस्थापिकाभित्र धुवाँ निकालेर संसदीय कारबाहीलाई अवरोध पुऱ्याएका थिए।

सुरक्षाकर्मीहरूले उक्त जोडीलाई पक्राउ गरेको थियो। साथै, अन्य दुई व्यक्तिलाई भवनबाहिर हिरासतमा लिइएको थियो। तीमध्ये एक जना ओभरहेड दर्शक दीर्घाबाट संसद्को तल्लो सदनको भुइँमा फाल हानेका थिए।

अधिवेशनको आधिकारिक फुटेजमा एउटा उपकरण बन्द गर्नुअघि एक व्यक्तिलाई नाराबाजी गर्दै र स्तब्ध सांसदहरूको बीचको टेबलमा चढ्दै गरेको देखाइएको थियो। उपकरण बन्द भएका कारण चेम्बरमा पहेँलो धुवाँ फैलिएको थियो।

उक्त जोडीको मनसाय र उनीहरू सुरक्षा जाँचबाट कसरी बच्न सफल भए भन्नेबारे स्पष्ट भएको छैन र नयाँदिल्ली प्रहरीले अझैसम्म उक्त घटनाबारे कुनै विवरण जारी गरेको छैन।

केही समयको स्थगनपछि संसद् पुनः सुरु भयो। सभामुख ओम बिरलाले संसद् अवरुद्ध गर्ने चार जनालाई पक्राउ गरिएको सांसदहरूलाई जानकारी गराए। 'दुवै व्यक्तिलाई पक्राउ गरिएको छ र बाहिरका दुई जनालाई पनि पक्राउ गरिएको छ,' उनले भने, 'संसद्ले गहन अनुसन्धान गरिरहेको छ र दिल्ली प्रहरीलाई पनि आवश्यक निर्देशन दिइएको छ।'

चिन्ता लिनुपर्ने केही छैन भन्दै उनले धुवाँ मानव स्वास्थ्यका लागि हानिकारक नभएको सांसदहरूलाई आश्वासन दिए। सांसद हनुमान बेनिवालले यसै वर्षको सुरुमा प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेको भारतको नयाँ संसद्को सुरक्षामाथि यसले 'धेरै गम्भीर प्रश्न' उठाएको बताए। घटनाको समयमा सदनमा करिब १५० सांसद थिए भन्दै उनले सांसदहरूले घटनाको गहन अनुसन्धानको माग गरेको बताए।

नयाँदिल्लीस्थित संसद्को अघिल्लो भवनमा भएको हमलाको २२औं वार्षिक दिवसमा यस्तो अवरोध भएको हो। उक्त हमलामा पाँच बन्दुकधारीले कम्तीमा आठ सुरक्षाकर्मी र एक मालीलाई गोली हानी मारेका थिए। उक्त हमला पनि संसदीय अधिवेशनका बेला भएको थियो।

प्रधानमन्त्री मोदीले यसअघि बुधबार उक्त हमलाका पीडितहरूलाई श्रद्धाञ्जलि दिएका थिए। उनले भने, 'खतरासामु उनीहरूको साहस र बलिदान हाम्रो देशको स्मृतिमा सदाका लागि कोरिने छ।' *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED AND BODOUR GENERAL TRADING CO L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०८/२७ | LT. No. 296444 | चलानी नं.६०२११४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Maker) | 2 | 0 | 120 | ५१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef (Meza / Pastry/bakery) | 6 | 0 | 220 | ९५,१७५ | | | | | | | |
| 3 | Cleaner Indoor (Kitchen And Tools, Building, Publ | 2 | 0 | 90 | ३८,९३५ | | | | | | | |
| 4 | Cook (Commi Asst Chef) | 10 | 0 | 125 | ५४,०८० | | | | | | | |
| 5 | Driver | 5 | 0 | 150 | ६४,८९५ | | | | | | | |
| 6 | Head Chef | 2 | 0 | 300 | १२९,७८५ | | | | | | | |
| 7 | Kitchen Helper (Steward Restaurant Worker) | 3 | 0 | 120 | ५१,९१५ | | | | | | | |
| 8 | Waiter/waitress (Service Crew/food Server) | 8 | 2 | 120 | ५१,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OPTION CAFE (JAWAHER KHALLOUF BIN FARHAN AL-ENAZI EST)

पूर्व स्वीकृति मिति २०८०/०८/२६ | LT. No. 296390 | चलानी नं. ६०२११४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beverage provider/server | 2 | 0 | 1200 | ४२,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Career International Services (P.) Ltd.
License No.: 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEAN LEE TRADING COMPANY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 295840 | चलानी नं. ६०२११४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CORINTHIAN INDUSTRIES (ASIA) SDN BERHAD

पूर्व स्वीकृति मिति : २०७९/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 268326 | चलानी नं. ६०१८४२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 105 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Ever Bright Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUAT HUAT KOUPING (M ) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 266524 | चलानी नं. ६०१८२४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21st Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAIN ZAM COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति: २०८०/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ | LT. 291391 | चलानी नं. ६०२०६६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,०९० | | | | | | | |

कम्पनी : NATIONAL BASICS COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 294112 | चलानी नं. ६०२०९३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 22 | 0 | 1800 | ६४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DYL FOR CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 296356 | चलानी नं. ६०२११४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 1 | 1 | 1000 | ३६६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LABOUR | 2 | 0 | 1000 | ३६६५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ५ गते (21th Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११६००० | प्रति तोला – ११५४५० | प्रति तोला – १४०० |

# नेपालमा हरित ऊर्जाको प्रचुर सम्भावना छ : प्रधानमन्त्री



**काभ्रेपलाञ्चोक (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा हरित ऊर्जाको प्रचुर सम्भावना रहेको बताएका छन् । उनले 'क्लिन इनर्जी-ग्रीन इनर्जी'को सम्भावना सदुपयोग गर्नुपर्नेमा जोड दिए ।

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-७ मा निर्माण हुने 'महिला उद्यमी हरित औद्योगिक पार्क'को शिलान्यास गर्दै प्रधानमन्त्रीले हरित क्रान्तिको नयाँ युग सुरु गर्ने सन्दर्भमा क्लिन इनर्जी-ग्रीन इनर्जीलाई प्राथमिकतामा राखिने बताए ।

'प्रमको हैसियतले म पहिला हाइड्रोजन गाडी चढेर हरित क्रान्तिको सुरुआतको सन्देश दिनेछु, यसबाट नेपालमा प्रदूषणको अन्त्य गर्ने अभियानको सुरुआत हुनेछ, हाइड्रोजन उत्पादनका लागि प्रचुर सम्भावना भएकाले अब क्लिन इनर्जी-ग्रीन इनर्जीलाई क्यास गर्नुपर्छ', प्रम दाहालले भने । उनले धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयमा हालै ल्याइएको हाइड्रोजन गाडी आफू चढेर उद्घाटन गर्ने र हाइड्रोजनबाट चल्ने गाडीको प्रवर्द्धन गरी नेपालमा प्रदूषणको अन्त्य गर्ने अभियानको सुरुआत गर्ने बताएका हुन् ।

प्रम दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणापछि राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश महिला भइसकेकाले अब प्रम महिला होस् भन्ने चाहेको बताए । उनले भने, 'अब मेरो इच्छा महिला प्रधानमन्त्री होस् भन्ने छ ।' प्रम दाहालले उक्त पार्कका लागि सरकारले आवश्यक कार्यविधि बनाई र आवश्यक बजेट विनियोजन गर्ने बताए । 'पार्कका लागि बहुवर्षीय कार्यविधि बनाएर सफल बनाउने दायित्व सबैको भएकाले आउने बजेट नीति तथा कार्यक्रममा नयाँ ढङ्गले लैजाने छौँ', उनले भने ।

कार्यक्रममा अर्थमन्त्री प्रकाशशरण महतले पाँचखालमा निर्माण थालिएको महिला उद्यमी हरित औद्योगिक पार्कका लागि आगामी बजेटमा सम्बोधन गर्ने प्रतिबद्धता जनाउँदै सातवटै प्रदेशमा स्थापना गर्ने तयारीका साथ सरकार अघि बढेको बताए । उनले भने, 'विदेशिने युवाभन्दा महिला कम छन्, अब महिलाले पुरुषले लिएको अग्रस्थान लिँदैछन्, उनीहरूको भूमिका बढ्दैछ, यो खुसीको विषय बनेको छ ।'

पाँचखाल नगर प्रमुख महेश खरेलले महिलालाई उद्यमी बनाउने उद्देश्यले पार्क निर्माण हुने उल्लेख गर्दै स्थानीय उत्पादनलाई मूल्य थप गर्नको लागि उद्योग फलदायी हुने र वार्षिक रु एक अर्ब निर्यात गर्ने लक्ष्य लिइने बताए । दक्षिण एसियाली महिला विकास मञ्चको अग्रसरतामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र पाँचखाल नगरपालिकासँगको सहकार्यमा ग्राम निर्माण हुन लागेको हो ।

# 'आर्थिक सूचक सकारात्मक हुँदै गएका छन्'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारको निरन्तर प्रयासपछि पछिल्लो समय अर्थतन्त्रले लय समातेको र चाँडै निर्णायक मोडमा पुग्ने जानकारी दिएका छन् । अर्थ मन्त्रालयमा बुधबार आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा उनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबाट लिएका सुधारका कार्यक्रमले नतिजा देखाउन थालेको बताए ।

'मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा अर्थतन्त्रका धेरै सूचक सकारात्मक थिएनन् । कोभिडका बेला सहज मौद्रिक नीति अपनाउँदा त्यसले देखिएका असर व्यवस्थापनका कसिलो नीति लिनुपर्दा केही समस्या सिर्जना भएका थिए', अर्थमन्त्री महतले भने, 'समग्रमा आर्थिक सूचक सकारात्मक हुँदै गएका छन् । सेयर बजारमा सकारात्मक लय समातेको छ र जग्गा कारोबार पनि बढ्ने क्रममा छ । तर उत्पादन वृद्धि रोजगार वृद्धिका लागि केही समय लाग्छ । अर्थतन्त्रले निर्णायक रूप लिन्छ । यसका आधार बन्दै गएका छन् ।'

मौद्रिक नीतिबारे अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकसँग निरन्तर छलफलपछि अहिले केही निर्णय आएको र यसले बैंक वित्तीय संस्थामा ब्याजदर घटाउन मद्दत पुऱ्याएको अर्थमन्त्री डा महतको भनाइ छ । 'राष्ट्र बैंकले नीतिगत दर घटाएपछि बैंकको ब्याजदर पनि घट्दो क्रममा छ । ऋणीका समस्यालाई पनि सम्बोधन गर्न खोजिएको छ । पुँजीबजार र घरजग्गा कारोबारमा सुधारका संकेत देखिएका छन्', उनले भने ।

त्यस्तै, वित्त नीतिले अवलम्बन गरेका सुधारका कार्यक्रमले पनि बिस्तारै नतिजा देखाउँदै गएको उनको भनाइ छ । वित्त नीति कार्यान्वयनका लागि विभिन्न कार्यविधि बनेका छन् । केही बन्ने क्रममा छन् । ठेक्का प्रक्रिया छिटोछरितो रूपमा अघि बढिरहेका छन् । यसबाट पनि बजारमा प्रशस्त पुँजी प्रवाह हुने हाम्रो अपेक्षा छ । विदेशी सहायताका क्षेत्रमा पनि हाम्रो नीति र प्राथमिकता बदलिएको छ ।

'यथेष्ट प्रतिफल भएका आयोजना मात्रै सहयोग लिन्छौँ भनेका छौँ । दातृ निकाय पनि यसमा सकारात्मक छन्', महतले भने । आगामी आर्थिक वर्षको बजेटमार्फत अर्थतन्त्र सुधारका थप कार्यक्रम ल्याउने गरी सरकारले आन्तरिक तयारी गरिरहेको पनि अर्थमन्त्री महतले भने ।

'संसारमा यस्तो कुनै अर्थतन्त्र छैन, जहाँ समस्या नदेखिएको होस् । हामीकहाँ वर्षौंदेखि थपिँदै र बढ्दै आएका समस्याको पहाड थियो । त्यसलाई एकैपटक हल गर्छु भन्नू सम्भव थिएन । तर समस्या बिस्तारै हट्दैछन् । अहिलेका उपलब्धिबाट हामी सन्तुष्ट छौँ भन्ने होइन, तर अर्थतन्त्र सकारात्मक दिशातर्फ अघि बढेको छ', उनले भने । चालु खर्चलाई एउटा सीमामा राखेको र पुँजीगत खर्च बढाउनतर्फ लागेको उनको भनाइ छ । चालू आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सरकारको राजस्व संकलन पनि बढेको अर्थमन्त्री महतले भने । यो अवधिसम्ममा सरकारको राजस्व संकलन सात दशमल ५७ प्रतिशतको वृद्धि भएको अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै, भन्सार राजस्व १३ प्रतिशतले, मूल्य अभिवृद्धि कर (भ्याट) सात दशमलव १९ प्रतिशत र आयकरतर्फ १२ प्रतिशतले बढेको उनले बताए ।

सरकारले सुरु गरेका आर्थिक र बजेट प्रणाली सुधारका कार्यक्रमलाई अझ विस्तार गरी सरकार र निजी क्षेत्रबीच उच्चस्तरको समन्वय कायम गर्ने गरी सरकारले काम गरिरहेको उनको भनाइ छ । अर्थतन्त्रमा देखिएको सकारात्मक अवस्थालाई उपभोग र लगानीमा प्रतिबिम्बित गराउने, सरकारको खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीमा विद्यमान अवरोधहरू फुकाउने, जाजरकोटमा आएको भूकम्पप्रभावितलाई तत्काल राहत र अस्थायी आवासको व्यवस्था गरी ध्वस्त संरचनाको छिटो पुनर्संरचना गर्ने र युवालाई स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्दै अपेक्षित आर्थिक वृद्धिदर हासिल गर्ने गरी सरकारले काम गरिरहेको उनको भनाइ छ ।

सरकारले आगामी वैशाख ९ र १० गते लगानी सम्मेलन आयोजना गर्ने घोषणा गरेको छ । लगानी सम्मेलनअघि नै लगानीसँग सम्बन्धित कतिपय नीतिगत र कानुनी सुधार अगाडि बढाइने उनको भनाइ छ । लगानी सम्मेलनमा तुलनात्मक लाभका र आयात प्रतिस्थापन गर्न सकिने क्षेत्रमा सम्भावित लगानीकर्ताहरूको उपस्थितिमा सार्थक लगानी सम्मेलन गर्न सरकार लागिपरेको महतले बताए ।

'दीर्घकालमा आर्थिक सुधारसँग जोडिएका नीति र कानुनको तर्जुमा र कार्यान्वयन गर्दै लगानीको अनुकूल वातावरण सिर्जना गरिनेछ । जलविद्युत्को विकास, पर्यटन, कृषिको व्यावसायिकीकरण, सूचना प्रविधि क्षेत्रको प्रचुर सम्भावनालाई ध्यानमा राखी स्वदेशी र विदेशी लगानी आकर्षित गर्ने नीति सरकारले लिनेछ', उनले भने । एनसेल खरिद-बिक्री प्रकरणमा नेपालको कानुनभन्दा बाहिर गएर कुनै पनि गतिविधि हुन नदिने अर्थमन्त्री डा महतले बताए । 'कानुन मान्छु भनेर आएको कम्पनीले अहिले कानुन मान्दिनँ भन्न पाउँदैन । नियामकले यस विषयलाई गम्भीर रूपमा हेर्छ । कानुनअनुसार उठाउनुपर्ने कर एनसेलबाट उठाउँछौँ', उनले भने ।

# नेप्सेमा सामान्य सुधार




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक दुई दशमलव ६० अंकले बढेर एक हजार नौ सय ८८ दशमलव चारको विन्दु कायम भएको हो । नेप्सेमा दुई सय ९२ कम्पनीको एक करोड २० लाख ९५ हजार पाँच सय ३९ कित्ता सेयर ८१ हजार चार सय ५१ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ९० करोड ९१ लाख ९८ हजार पाँच सय ७० बराबरको कारोबार भएको छ ।

कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ६२, जीवन बीमा समूह एक दशमलव १४, निर्जीवन बीमा समूह एक दशमलव ३१ र व्यापार समूह शून्य दशमलव आठ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव १५ र लघुवित्त समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको सेयर मूल्य पाँच दशमलव ६९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू १४ करोड ६७ लाख ९३ हजार एक सय ५६ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै अरुण काबेली लिमिटेडको सात लाख तीन हजार ९२ कित्ता सेयर किनबेच भएको छ ।

# बिजुली नपुगेका घर खोज्दै गण्डकी ऊर्जा मन्त्रालय

**गण्डकी–** पछिल्लो आर्थिक सर्वेक्षणले गण्डकी प्रदेशका दुई हजार आठ सय ८४ घरधुरी मात्र बिजुलीको पहुँचबाहिर रहेको देखाएको थियो । तीमध्ये बागलुङको ढोरपाटन नगरपालिका-६ छेन्तुङका तीन सय ९१ घरमा गत असोजमा सौर्य ऊर्जा जडान गरिएको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । उक्त तथ्यांकलाई आधार मान्दा अब गण्डकी प्रदेशका दुई हजार चार सय ९३ घरधुरीमा मात्र बिजुली नपुगेको देखिन्छ ।

मन्त्रालयको ऊर्जा शाखा प्रमुख इन्जिनियर जीवन श्रेष्ठका अनुसार बिजुली नपुगेका घरधुरी पहिचान गरी प्रदेशको शतप्रतिशत जनसंख्यामा विद्युत् सेवा पुर्याउने योजनामा मन्त्रालय छ । 'बिजुलीको पहुँचबाहिर रहेका शून्य दशमलव पाँच प्रतिशत घरको खोजी तथा पहिचान गरी जतिसक्दो चाँडो विद्युत् सेवा पुऱ्याउँछौँ', उनले भने, 'केन्द्रीय प्रसारण लाइन विस्तार गर्न नसकिने ठाउँमा सौर्य ऊर्जा जडान भइरहेको छ ।'




अहिलेसम्म बिजुली नै नपुगेका घरधुरी पहिचान गर्न नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग मन्त्रालयले समन्वय गरिरहेको इन्जिनियर श्रेष्ठले बताए । तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी रहेको उनको भनाइ छ । 'अन्यत्र पनि विद्युत् सेवाबाट बञ्चित गाउँ र परिवार हुन सक्छन्, त्यस्ता ठाउँको हामी आफैँले पनि खोजी र अध्ययन गर्दैछौँ', इन्जिनियर श्रेष्ठले भने ।

प्रदेशभित्रका ९९ दशमलव ५० प्रतिशत घरमा विद्युत् सेवा पुगिसकेको र बाँकी घरधुरीमा यथाशक्य छिटो बिजुली पुऱ्याएर 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने प्रदेश सरकारको तयारी छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा सबै घरमा बिजुली पुर्याउने निर्णय गरेको थियो ।

बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको 'उज्यालो गण्डकी प्रदेश'को लक्ष्य यसै वर्ष पूरा हुने मन्त्रालयले जनाएको छ । सरकारको चालु आव २०८०/८१ को नीति तथा कार्यक्रमले पनि उक्त लक्ष्यलाई समेटेको छ । मन्त्रालयका प्रवक्ता हरिदत्त पौडेलले विद्युतीकरण हुन बाँकी नवलपुर र तनहुँका केही ठाउँमा राष्ट्रिय प्रसारण लाइन विस्तारको काम भइरहेको बताए ।

'राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन नसिकने ठाउँमा लघुजलविद्युत् र सौर्य उर्जा प्रविधि जडानको काम भइरहेको छ', उनले भने, 'छुटेका घरधुरीमा दुई महिनाभित्रैमा विद्युतीकरण गर्न सकियो भने आगामी फागुन ४ मा पर्ने प्रदेश स्थापना दिवसमा 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने मन्त्रालयको तयारी छ ।'

सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सूचित गरेको प्रवक्ता पौडेलले बताए । नेपाल विद्युत् प्राधिकरणको १३ वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको उनको भनाइ छ ।

लघुजलविद्युत् पनि नभएको ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानकोसमेत व्यवस्था गरेको प्रवक्ता पौडेलले बताए । मन्त्रालयका अनुसार प्रदेशका पाँच लाख ७५ हजार एक सय ८७ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ ।

राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङ र गोरखाका आठ स्थानीय तहका एक हजार पाँच सय ९६ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको मन्त्रालयले जनाएको छ । यस्तै संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कुल एक सय ९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ । प्रदेशमा रहेका ९० लघुजलविद्युत् आयोजनाबाट तीन हजार दुई सय ९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ । यसबाट १५ हजार चार सय ४० घरधुरी लाभान्वित भएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ